


लेखक सुन्ही किम
उनोक जो

# येशूसँगको बाइबल कथा ३

यो कथाको पुस्तक मिसनको प्रयोजनको निम्ति निःशुल्क प्रदान गरिएको छ ।




**प्रकाशन मिति** : २०२२ नोभेम्बर ०१

**प्रकाशक** : डोङ्जेइ लि

**लेखक** : उनोक जो/सुन्ही किम

**सम्पूर्ण सम्पादन** : रिबेका लि

**चित्र** : हन्ना किम

**अनुवाद** : हेनी ली/ह्यन जु लि (नेपाल मिशनरी)

**परिशिष्ट रचना** : हेनी लि/उन्सोक जङ/उन्यङ ना

**आराधना** : जिइन गाङ

**गीत** : एना छ्वे

**अनुवादक** : उपेन्द्र गौतम



# विषय सूचि


१. येशूलाई बेच्ने यहूदा इस्करयोत १
२. झूटा कुरा ९
३. चेलाहरूको गोडा धुनुभएको १७
४. येशूको अन्तिम खाना २५
५. येशूको न्याय ३३
६. क्रूस बोक्नुहुने येशू ४१
७. मुक्ति पाएका डाँकू ४९
८. येशूको मृत्यु ५७
९. येशूको पुनरूत्थान ६५
१०. मलाई छोएर हेर ७३
११. पत्रुसको स्वीकार ८१
१२. हामीलाई दिनुभएको गृहकार्य ८९
१३. जसरी माथि जानुभएको छ त्यसरी नै फेरि आउनुहुने येशू ९७
१४. हिँड्न नसक्ने मान्छेलाई निको पार्ने पत्रुस र यूहन्ना १०५
१५. स्तिफनस ढुङ्गाले हिर्काइएर मारिएका ११३
१६. जब शावल पावल भए १२१
१७. यूहन्नाले स्वर्ग देख्दछन् १२९

# १. येशूलाई बेच्ने यहूदा इस्करयोत

**(मत्ती २६:४७-५६, मर्कूस १४:४३-५०,**
**लूका २२:४७-५३, यूहन्ना १८:२-१२)**

येशूको बाह्र जना चेलामध्येको एक जना यहूदा इस्करयोतले येशूलाई सुम्पिदिनको लागि प्रधान पूजाहारीकहाँ गयो ।

"म येशूलाई तपाईंहरूको हातमा सुम्पिदिनेछु ।"
"असल सुनेको मध्ये यो सबैभन्दा असल कुरा हो ।"
"मलाई कति दिनुहुन्छ ?"
"चाँदीका तीस सिक्का दिन्छौं । येशूलाई कसरी सुम्पिदिन्छौ बताऊ ।"
"ती कुरा म विचार गरेर फेरि बताउनेछु ।"

यहूदा इस्करयोतले त्यहि बेलादेखि येशूलाई सुम्पिदिन्छु भनी मौका खोज्न थाल्यो ।

येशूले चेलाहरूसँगै जैतुन डाँडामा प्रार्थना गरेर ओर्लंदै गरेको बेलामा यहूदा इस्करयोतले धेरै मानिसहरूलाई नेतृत्व गरेर तरवार र लाठो लिएर आयो । यहूदाले तिनीहरूभन्दा पहिले नै पूर्व योजना बनाएको थियो ।

"मैले जसलाई म्वाइँ खाउँला त्यो व्यक्ति येशू हुन् उनलाई पक्रेर लैजानुहोस् ।"

यहूदाले नजिकै आएर म्वाइँ खायो ।

"येशू, अभिवादन !"

"ए यहूदा, के तिमीले अहिले म्वाइँ खाएअनुसार मलाई बेच्दैछौ ?"



येशूको कुरा सिद्धिनु अघि मानिसहरू आएर येशूको हात समातेर तानेर लैजान लागे ।

“तिमीहरूले अहिले कसलाई खोज्दैछौ ?”
“नासरतका येशूलाई ।”
“म हुँ ।”

येशूले ‘म हुँ’ भन्ने वचन बोल्नुभयो, उहाँलाई पक्रन आएका मानिसहरू पछि हटेर भुइँमा लोटे ।
येशूले फेरि सोध्नुभयो,
“तिमीहरूले अहिले कसलाई खोज्दैछौ ?”
“नासरतका येशूलाई ।”
“त्यो म हुँ । मलाई पक्रन्छौ भने मेरा चेलाहरूलाई नछोओ !”

अचानक पत्रुसले तिनीहरूसँग भएको तरवार खोसेर एक जना मान्छेको कानमा हाने । जब त्यसो गरे त्यो मान्छेको कान भुइँमा खस्यो । मानिसहरू, चेलाहरू र येशू पनि अचानक छक्क पर्नुभयो ।

“ए पत्रुस, फेरि ! फेरि ! तिमी विचारभन्दा क्रियाकलापलाई अघि सार्दो रहेछौ ।
तरवार चलाउनेहरू तरवारले नै नष्ट हुनेछन् । झट्टै तरवार म्यानमा हाल !”
“येशू, माफ गर्नुहोस् । तर पनि सहन सकिनँ । ओहो ! त्यो यहूदालाई हेर्नुहोस्, तपाईं येशूको चेला, हामीसँगै हिँड्ने यहूदा इस्करयोत......।”



"के तिमीले मैले मेरा पितालाई अनुरोध गरें भने अहिले नै अनगिन्ती स्वर्गदूतहरू पठाइदिनुहोस् भनी भन्न सक्दिनँ भनी बुझेका छौ ?" यी सबै काम परमेश्वरले गर भन्नुभएको काम हो नि तिमी किन यसो गर्छौ......।"

येशूले घाइते मानिसको कानलाई छोएर निको पारिदिनुभयो ।

येशूले मानिसहरूलाई हेरेर भन्नुभयो,

"तिमीहरूले डाँकूलाई पक्रन आए जस्तै गरी तरवार र लाठो लिएर के मलाई पक्रन आएका हौ ? के म डाँकू हुँ ?"

येशूलाई पक्रन आएका मानिसहरूमध्ये एक जनाले पनि केही शब्द बोलेन ।

"यस्तो हुने कुरा सम्पूर्ण धर्मशास्त्र पूरा हुनको लागि हो । परमेश्वरको इच्छा पूरा हुनको लागि हो । ल, मलाई पक्र ।"

मानिसहरूले येशूलाई पक्रेर लगे । त्यो दृष्यलाई हेरिरहेका चेलाहरू डराएर भागे ।

दिनदिन मन्दिरमा सिकाउँदै म तिमीहरूसँग थिएँ,
र तिमीहरूले मलाई गिरफ्तार गरेनौ । तर धर्मशास्त्र पूरा होस् । (मर्कूस १४:४९)



# मेरा प्यारा छोरा, छोरीहरूलाई !

ए छोरा छोरी ! धेरै दुःखित नभई मेरो कुरा राम्रोसँग सुनिहेर । बिरामी मानिसहरूलाई निको पार्दा, मरेका मानिसलाई बचाउने बेलामा म पनि अति नै खुशी थिएँ । हरेक दिन मानिसहरूका आँखाबाट प्रेमको सङ्केत मुटु आइरहेको थियो....तर म पक्राउ परेर क्रूसलाई बोकेको चाहिँ तिमीहरूले गरेका पापलाई क्षमा गर्नको लागि थियो । तिमीहरू आफैले परमेश्वरलाई भेट्न सकोस् भनी गरिदिनुभएको यो काम परमेश्वरको इच्छा थियो । के तिमी सोच्दैछौ म त्यति बेला धेरै डराएँ ? परमेश्वरको इच्छा भएकोले गर्दा अति नै डराए तापनि त्यसलाई स्वीकार गरेर सहेको हुँ ।
त्यसैले मलाई राम्रोसँग विश्वास गर । परिवार र साथीहरूलाई पनि यो कुरा बताइदेऊ है, मेरो छोरा, मेरो छोरी !

तिमीहरूको निम्ति र तिमीहरूको सट्टामा क्रूसलाई बोकिदिने येशू

# प्रिय येशूलाई !

येशू येशू
तपाईंको चेला भएका यहूदाले येशू तपाईंलाई बेच्नको लागि खराब मानिसहरूसँग संगत मिलेर त्यहाँ आएर म्वाइँ खाँदा कसरी सहन सक्नुभयो ? म भएको भए कदापि सहन सक्ने थिइनँ । मलाई छ नि पत्रुस काका मन पर्छ । खराब मान्छेसँग रिसाउनुभयो । हैट ! खराब मानिसहरू त्यो पाउने योग्यका नै हुन् हा.हा ! तर पनि परमेश्वरको इच्छा भएकोले परमेश्वरको वचन राम्रोसँग सुनिदिनुहुने येशू जस्तै म पनि येशूको वचन राम्रोसँग सुन्नेछु । विश्वास नगर्ने परिवार, साथी, छिमेकीहरूलाई येशूलाई विश्वास गराएर स्वर्गको परिवारमा बचाउन सक्ने गरी बताउनेछु । प्रेम गर्छु प्रभु !

येशूलाई माया गर्ने म ।



# २. झूटा कुरा

**(मत्ती २६:६९-७५, मर्कूस १४:६६-७२,**
**लूका २२:५६-६२, यूहन्ना १८:१५-१८, २५-२७)**

"तिमीहरू सबैले आज राती मलाई त्यागिदिनेछौ ।"
"हजूर ? येशू, कदापि त्यस्तो काम हुने छैन ।"
"येशू ! अरू मानिसहरू सबैले प्रभुलाई त्यागे तापनि म कदापि त्याग्ने छैनँ ।"
"ए पत्रुस ! आज राती कुखुराको भाले बास्नु अघि तिमीले मलाई तीन पल्ट चिन्दिनँ भनेर त्याग्नेछौ ।"
"होइन, येशू ! प्रभु तपाईंसँगै म पनि मर्नेछु तर कदापि प्रभुलाई चिन्दिनँ भनी भन्ने छैन ।"
"हजूर, म पनि, प्रभुबाट कदापि अलग हुने छैन ।"

तर येशूलाई पक्राउ गरेर प्रधान पूजाहारीको घरमा लैजाँदै गर्दा येशूलाई छोड्ने छैनौं भनेका चेलाहरू सबै भागे ।
तर पत्रुस मानिसहरूको आँखाले नदेखून् भनी अलि टाढैबाट येशूलाई पछ्याउँदै गए ।

'येशूलाई अब के कस्तो हुन्छ हेर्नुपर्‍यो । यसरी नोकरहरूको बीचमा बसें भने कसैले पनि थाहा पाउँदैन ।'

पत्रुस प्रधान पूजाहारीको घरको चोकभित्रसम्म पसेर नोकरहरूसँगै बसेर आगो ताप्न लागे ।
प्रधान पूजाहारी र सबै मानिसहरूले येशूलाई मार्नको निम्ति प्रमाण खोज्नको लागि आँखा राता राता भएका थिए ।
पत्रुसलेचाहिँ त्यो दृष्यलाई सास रोकेर हेरिरहेको थियो ।



त्यति नै बेला एक जना नोकर्नी नजिक आएर पत्रुसलाई नियालेर हेरी र भनी,

“ओहो ? तपाईं गालिलको मानिस येशूसँगै भएको मानिस रहेछौ । होइन त ?”
“के भन्दैछ्यौ ? म होइनँ ! तिमी के भन्दैछ्यौ मलाई थाहा छैन ।”

पत्रुस रिसाउँदै चोकको अगाडि गए ।
मौसम चिसो भएकोले चोकमा आगो बलिरहेको थियो पत्रुस पनि आगो तापिरहेका थिए । आगोको ज्योतिले पत्रुसको अनुहार देखिइरहेको थियो त्यो अनुहारलाई हेरेर एक जना मानिस चिच्यायो,

“तिमी नासरतका येशूसँगै थियौ हैन ?”
“होइन, वास्तवमा के भन्न खोज्दैछौ ?”
“हो नि ! स्पष्टसँग भन्छु येशूसँगै थियौ । राती तिमीले हाम्रो नातेदारको कान तरवारले काटेको हो नि । त्यति बेला मैले तिम्रो अनुहार देखेको थिएँ ।”
“म होइन भन्दैछु त !”
“तिम्रो आवाजले स्पष्ट गरी नासरत येशूसँग एक जोडी हो भनी बताइएको थियो, निश्चित हो नि !”
“म होइन । म त्यो मानिसलाई चिन्दिनँ ।”

केही बेर पछि नजिकै रहेको मान्छेले फेरि पत्रुसलाई भन्यो,

“म पनि तिमीलाई चिन्छु । तिमी नासरतको येशूको एक जोडी हौ ?”
“म स्वर्गलाई साक्षी राखेर शपथ खान्छु कि म येशूलाई चिन्दिनँ ।”



“कुखुरी काँ–”, “कुखुरी काँ–”

कुखुरा दुई पल्ट बास्यो ।
येशू र पत्रुसको आँखा जुध्यो । त्यति नै बेला येशूले भन्नुभएको वचन पत्रुसले सम्झे र उदास भएर छक्क परे ।

“हँ !” येशूले त भन्नुभएको थियो……आज राती कुखुरा दुई पल्ट बास्न अघि तिमीले येशूलाई चिन्दिनँ भनी तीन पल्ट भन्नेछौ ।
ओहो–! मैले अब के गर्दा राम्रो हुन्छ होला ?”

बाहिर दौडिँदै आएका पत्रुस धुरुधुरु रून थाले ।

“हुँ..हुँ..! प्रभु । मैले यो के गरें ?”
“मैले प्रभुको वचनअनुसार तीन पल्ट प्रभुलाई चिन्दिनँ भनें ।”
“प्रभुसँगै मर्नुपरे तापनि मर्छु भनेको थिएँ तर प्रभुलाई चिन्दिनँ भनी भन्ने छैन भनेको मैले कसरी यति ठूलो झूटो बोलें । प्रभु !”

प्रभुसँगै जेलमा पनि, मृत्युमा जानु परे तापनि जान्छु भनी प्रभुलाई भनेको आफ्नो स्वरूप ह्वात्तै आएर पत्रुस अझै ठूलो आवाजमा विलौना गर्दै रोए ।

अनि तुरुन्तै दोस्रो पल्ट भाले बास्यो, र पत्रुसलाई येशूले यसो भन्नुभएको कुरा सम्झना भयो, “भाले दुइ पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ ।” अनि त्यस कुरालाई सम्झेर तिनी धुरुधुरु रोए । (मर्कूस १४:७२)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

ए पत्रुस !
तिमी मैले अति नै प्रेम गर्ने गरेको चेला थियौ । जहिले पनि मसँग अति नै नजिक स्थानमा रहेर मलाई आवश्यक पर्ने कुरा पहिले नै मिलाइदिने बलियो चेला भएका थियौ नि । बेला बेलामा हतार गर्ने स्वभावको कारणले गर्दा हृदयभन्दा क्रियाकलाप पहिले आएर मसँग रिसाएका भए तापनि अरू भन्दा मलाई प्रेम गरेका छौ भन्ने मलाई थाहा थियो ।
तिमी आफैलाई पनि थाहा थिएन नि होइन ? कहिल्यै नदेखिएकी नोकर्नीको भनाइमा मलाई चिन्दिनँ भन्ने कुरा । तिमी अति नै नराम्रोसँग रोएर पछुतो गर्दै पश्चात्ताप गरेको मलाई थाहा छ । अब फेरि त्यस्तो गल्ती नगरी मेरो चेला जस्तै बनेर मलाई पछ्याउँदै विश्वास गर ।

तिमीलाई अनन्तसम्म प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

मलाई विश्वास गर्नुभएको लागि भन्यवाद, येशू ।
म साँच्चै प्रभुसँगै मर्छु भनी तयारी गरिरहेको थिएँ ।
कदापि प्रभुलाई छोड्ने छैन भनी भनेको कुरा पनि
सत्य थियो । प्रभु तपाईं ख्रीष्ट हुनुहुन्छ जीवित परमेश्वरको पुत्र भनी स्वीकार गरेको कुरा पनि सत्य नै थियो । प्रभुलाई प्रेम गर्छु भनेको कुरा पनि ।
अब फेरि झूटा बोल्ने छैन । येशूको चेला जस्तै गरी जिउनेछु ।
येशूलाई विश्वास गरेमा मुक्ति पाइन्छ भनी प्रचार गर्छु र येशू तपाईंको लागि मेरो जीवन पनि चढाउनेछु । येशू तपाईंको खबर संसारको अन्त्यसम्म बताउन सक्छु भनी भनेको हुँ । म प्रेम गर्छु, मेरो प्रभु !

येशूलाई चिन्दिनँ भनेका बुद्धु पत्रुस



# ३. चेलाहरूको गोडा धुनुभएको

**(यूहन्ना १३:१-२०, ३१-३५)**

निस्तार चाडको पहिलो दिन थियो । येशूले अब यो संसारलाई छोडेर पिताको काखमा फर्केर जाने समय भएको छ भन्ने थाहा पाएर संसारमा सँगै घनिष्ठ भएर आफूले प्रेम गर्नुभएका चेलाहरूलाई अन्तिमसम्मै प्रेम गर्नुभएको थियो । चेलाहरूसँगै साँझको खाना खाने बेलामा शैतानले पहिले नै यहूदा इस्करयोतको हृदयलाई खोसेर येशूलाई बेचिदिने विचार हालिदियो । खाना खाने क्रममा येशू आफैले परमेश्वरबाट आएको र परमेश्वरकहाँ नै जान्छु भन्ने कुरालाई थाहा पाएर साँझको खाना खाँदै गरेको अवस्थामा उठ्नुभयो ।

“येशू ! खाना नखाइकन किन उठ्नुभएको ? केहि चाहिएको थियो कि ?”
“होइन । मैले अहिले गर्नु पर्ने काम भएकोले गर्दा हो ।”

येशूले बाहिरी कपडा खोलेर तौलिया लिएर आउनुभयो र कम्मरमा बाँध्नुभयो । एउटा बाटामा पानी हालेर चेलाहरूको गोडा धुन सुरु गर्नुभयो ।

“येशू ! किन यसो गर्नु हुँदैछ ?”
“अशुद्ध भएर धुन लागेको होइन मैले तिमीहरूलाई प्रेम गरेर धुन लागेको हुँ ।”
“हामी पनि येशूलाई प्रेम गर्छौं । हामी आफैं धुन्छौं नि ।”



सिमोन पत्रुसको पालो आयो ।

“येशू ! प्रभुले कसरी मेरो गोडा धुन सक्नुहुन्छ ।”
“ए पत्रुस, मैले गर्न लागेको काम अहिले थाहा नपाए तापनि पछि थाहा पाउनेछौ ।”
“येशू, प्रभुले भन्नुभएको मैले बुझिनँ । जे भए पनि मेरो गोडा तपाईंले धुन सक्नुहुन्न ।”
“हो र ? मैले तिम्रो गोडा धोइनँ भने तिम्रो र मेरो केही सम्बन्ध हुँदैन । त्यहि पनि ठिक छ ?”
“ओहो, येशू ! त्यस्तो त हुँदैन नि । येशू मेरो गोडा मात्र होइन हात धोइदिएर शिर पनि धोइदिनुहोस् ।”
“पहिले नै नुहाइसकेको मानिसले गोडा मात्र धोए पुग्छ । त्यसैले सम्पूर्ण शरीर शुद्ध छ । मैले तिमीहरूको गोडा धोइदिएकोले तिमीहरू शुद्ध भइसकेका छौ ।”
“हजूर, येशू ।”
“तर सबै त शुद्ध भएका छैनौ ।”
“प्रभु ! गोडा मात्र धोएमा शुद्ध हुन्छ भनी भन्नुभएको हो नि । हामीहरूको गोडा सबै धोइदिनुभएकोले सबै शुद्ध भएको होइन र ?”
“हो नि । तर सबै शुद्ध भएको छैन........।”

येशूको चेलामध्येका एक जनाले येशूलाई बेचिदिनेछ भनी थाहा पाउनुभएकोले “सबै शुद्ध भएका छैनन् ।” भनी भन्नुभएको थियो ।




चेलाहरूको गोडा धोइसकेपछि कपडा लगाएर खाना खाने टेबुलमा फर्केर आएर भन्नुभयो ।

"मैले अहिले तिमीहरूको गोडा किन धोइदिएको हुँ बुझ्यौं ?"
"अँ.....। येशू, वास्तवमा थाहा छैन ।"
"तिमीहरूले मलाई के भनी बोलाउँछौ ?"
"हजुर ? अँ.... 'प्रभु' भनी बोलाउँछौं र 'गुरुज्यू' भनेर पनि बोलाउँछौं ।"
"हो ठिक हो । म तिमीहरूको 'प्रभु' र 'गुरु' हुँ ।"
"प्रभु, तर किन ?"
"म तिमीहरूका 'प्रभु' भएर फेरि 'गुरु' पनि भएर गोडा धोएँ नि होइन ?"
"हजुर ।"
"मैले गरेको काम हेरेर सिक भनेको हुँ । म स्पष्ट गरी तिमीहरूलाई भन्दछु, नोकर मालिक भन्दा माथि हुन सक्दैन र पाउने मानिस पठाउने मानिस भन्दा उच्च हुन सक्दैन ।"
"हजुर, येशू । तपाईं प्रभु हामीहरूको गुरु भएर पनि तल्लो हामीहरूको गोडा धोइदिनुभयो ।"
"त्यसैले त तिमीहरूले पनि एक-अर्काको गोडा धुने काम गर । मैले प्रेमद्वारा तिमीहरूको गोडा धोए जस्तै एक-अर्कामा प्रेमद्वारा गर्ने गर ।"
"हजुर, प्रभु । प्रभुको वचनलाई राम्रोसँग बुझेर पालन गर्नेछौं ।"

"येशूले चेलाहरूलाई एक-अर्कालाई प्रेम गर भनेर नयाँ आज्ञा दिनुभयो ।"

एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि त्यस्तै प्रेम गर । यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेला हौ ।
(यूहन्ना १३:३४-३५)



# मेरा प्यारा छोरा, छोरीहरूलाई !


यहूदीहरूले खाना खानु अघि हात र गोडा धुनुपर्छ। त्यसैले कुनै घरमा जाँदा प्रायःजसो नोकरहरूले पाहुनाको गोडा धोइदिन्छन् । त्यसो गरेनन् भने तल्लो मान्छेले उच्च मान्छेको गोडा धोइदिने पनि गर्दछन् ।
चेलाहरूले आफैलाई उच्च मान्छे बन्न चाहेकोले एक-अर्काको गोडा धोइदिएका थिएनन् । त्यसैले म चेलाहरूको गुरु भएर पनि चेलाहरूको गोडा धोइदिएर प्रेमको स्वरूप देखाइदिएको हुँ ।
एक-अर्कामा प्रेम गर भनेर ।
आज मण्डलीको विद्यालयमा गोडा धुने काम गरेर आएका हौ नि ? मैले चेलाहरूको गोडा धोए जस्तै तिमीहरूले पनि एक-अर्काको गोडा धुनुपर्छ भन्ने मेरो वचन सुनिदिएकोमा धन्यवाद । प्रेम गर्छु, मेरा छोरा, छोरी !

तिमीहरूलाई अनन्तसम्म प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

मण्डलीको विद्यालयमा शिक्षकले मेरो गोडा धोइदिनुभयो । र
घरमा गएर आमा बुबाको गोडा धुनु भनी गृहकार्य पनि दिनुभयो । आमाको गोडा धोएको थिएँ अति ठूलो भएकोले गाह्रो भएको थियो ।
सुरुमा आमाले काउकुति लाग्यो भनेर हाँस्नुभएको थियो पछि मलाई अँगालो हालेर अति रूनुभएको थियो । आमा रूनु भएकोले मेरो पनि आँशु अति धेरै आयो । आँशु आइरहेको थियो तर अनौठो कुरा हृदयचाहिँ तातो पानी पिए जस्तै भएको थियो ।
मैले पनि थाहा नपाई आमालाई “आमा ! प्रेम गर्छु ।” भनेर चुम्बन गरें ।
साँझ बुबा घरमा आउनुभयो भने बुबाको गोडा पनि धोइदिनेछु ।
हे...हे...।
येशू, म तपाईं येशूलाई पनि प्रेम गर्छु !

येशूलाई माया गर्ने म



# ४. येशूको अन्तिम खाना

**(मत्ती २६:१७-३०, मर्कूस १४:१२-२६, लूका २२:७-२३
यूहन्ना १३:२१-३०, १ कोरिन्थी ११:२३-२५)**

येशूले चेलाहरूसँग अन्तिम खाना खाने दिन थियो ।
सबैजना सँगै बसिरहेका थिए येशूले भन्नुभयो ।

“तिमीहरूमध्ये एक जनाले मलाई बेचिदिनेछौ ।”

चेलाहरूले एक-अर्कालाई हेर्दै कसलाई भनेको हो भनी एक-आपसमा शङ्का गर्न लागे ।
येशूको नजिकमा येशूले प्रेम गर्नुहुने यूहन्ना येशूको छातीमा अढेस लागेर बसेका थिए ।
पत्रुसले यूहन्नालाई टाउकोले इशारा गर्दै भने,

“ओइ, यूहन्ना ! तिमी हौ ?”
“के भनेको ? पत्रुस त्यसो हो भने तिमी हौ त ?”
“म कदापि होइन । त्यसैले येशूलाई तिमीले नै सोधिहेर ।”

यूहन्नाले येशूको छातीमा अढेस लागेकै अवस्थामा रहेर सोधिहेरे ।

“प्रभु ! तपाईंलाई बेच्ने को हो ?”
“मैले रोटीको एक टुक्रा जसलाई कचौरामा चोपेर दिन्छु त्यसैले नै मलाई बेच्नेछ ।”

येशूले रोटीको एक टुक्रा कचौरामा चोपेर यहूदा इस्करयोतलाई दिनुभयो ।
रोटीको टुक्रा लिए पछि शैतान यहूदाकहाँ प्रवेश गऱ्यो ।



येशूले यहूदालाई भन्नुभयो ।

"तिमीले गर्ने काम तुरुन्तै गरिहाल ।"

येशूले भन्नुभएको वचनलाई बुझ्ने चेलाहरू कोही पनि थिएन ।
यहूदालाई पैसाको जिम्मा दिएकोले चाडमा चाहिने कुराहरू किनेर ल्याउनु भनेको होला भन्ने चेलाहरूले बुझेका थिए ।
किनभने गरीबहरूलाई के दिने होला भन्ने कुरालाई मात्र विचार गरिरहेका थिए ।

चेलाहरूको हृदय येशूको वचनले गर्दा हृदयमा बम पड्किए जस्तै भयो ।
एकदम नै चिन्तित हुँदै येशूलाई सबैले सोधिरहेका थिए ।

"येशू ! म त होइन नि ?"

येशूले जवाफ दिनुभयो ।

"मसँगै कचौरामा जसले हात चोपल्छ त्यहि नै हो । त्यसलाई धिक्कार छ । बरू त्यो त नजन्मिएकै भए असल हुने थियो । चु..चु..।"

त्यति नै बेला येशूलाई बेच्न खोज्ने यहूदाले येशूलाई सोध्यो ।

"गुरुज्यू ! म त होइन नि ?"
"अहिले म हुँ भनी तिमीले भनिहाल्यौ ।"



दिन बितेर खाना खाने बेला भएको थियो ।
येशूले रोटी लिएर आषिश दिनुभए पछि रोटी भाँचेर चेलाहरूलाई दिनुभयो ।

“लौ, यो लिएर खाऊ । यो रोटी तिमीहरूको निम्ति दिइएको मेरो शरीर हो । तिमीहरूले रोटी भाँचेर खाँदा मलाई नबिर्स ।”

त्यसपछि कचौरा लिएर धन्यवाद दिनुभए पछि चेलाहरूलाई दिनुभयो,

“तिमीहरू सबैले यो पिओ । यो कचौरामा भएको दाखरस धेरै मानिसहरूका पापलाई क्षमा गर्नको लागि बगाइएको मेरो रगत हो । यो कचौराबाट सबैले बाँडेर पिउँदै मलाई कहिल्यै पनि नबिर्स ।”

चेलाहरूले येशूसँगै अन्तिम खाना खाए तापनि येशूको वचनलाई राम्रोसँग बुझ्न सकेका थिएनन् ।
तर पनि येशू क्रूसमा मर्नुभए पछि यी कुरा बुझेका थिए ।
रोटी भाँचेर खाइसके पछि कचौरा पनि एक-अर्कालाई दिँदै पिए र येशूको प्रेमलाई सम्झना गर भन्ने कुरा बुझे ।

येशूसँगै अन्तिम भोज खाइसके पछि येशूसँगै चेलाहरू भजन गाउन जैतुन डाँडामा गए ।

किनभने जहिले जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ । (१ कोरिन्थी ११:२६)



## मेरा प्यारा छोरा छोरीहरूलाई !

रोटीले मेरो शरीरलाई, कचौरामा भएको दाखरसले मेरो रगतलाई बताउने कुरालाई नबिर्सिकन सम्झना गर भन्ने वचनलाई ख्याल गर भन्ने चाहन्छु ।
चेलाहरूसँगको अन्तिम खाना । मलाई बेच्ने मानिससँग एकैसाथ टेबुलमा बसेर खाना खायो भन्ने कुरा अति धेरै गाह्रो कुरा भए तापनि वास्तवमा त्यो दयनीय थियो । दियाबलसले यहूदाको हृदयलाई खोसेर लगेको थियो नि त । त्यसैले धेरै पटक जानकारी दिएको थिएँ । चेलाहरूको गोडा धोइदिएको बेलामा, रोटीको टुक्रा कचौरामा चोपेको बेलामा, थालमा सँगै हात हालेको बेलामा । तर पनि पहिले नै दियाबलसले हृदय खोसेको कारणले कुनै अर्थ रहेको थिएन ।
म धर्मशास्त्रको वचनअनुसार बेचिएको थिएँ तथापि मेरो चेलाको माध्यमद्वारा त्यो काम पूरा भएको कुरामा अति नै दुःखित छु ।
त्यसैले तिमीहरू दियाबलसमा नफसून भनेर होसमा रहेर सधैं प्रार्थना गऱ्यौ भने असल हुने थियो । म तिमीलाई प्रेम गर्छु ।

तिमीहरूलाई अनन्तसम्म प्रेम गर्ने येशू

## प्रिय येशूलाई !

मण्डलीमा अक्सर रोटी र दाखरस बाँडेर खाने दिन थियो । आमा बुबाले मात्र खाएर मलाई चाहिँ खान नदिनुभएकोले रिसाएको थिएँ । तर म अति नै सानो बच्चा भएकोले अझैसम्म खाएको छैनँ । माध्यमिक, उच्च माध्यमिक विद्यार्थी भए पछि बप्तिस्मा लियो भने खान सकिन्छ रे । त्यसैले त्यतिबेलासम्म सहेर बसें ।
येशू, आमा बुबाको कुरा पनि राम्रोसँग सुनेर मण्डलीमा पनि राम्रोसँग गएको छु र साथीहरूलाई पनि येशूलाई पनि विश्वास गर भनी बताउनेछु ।
“येशू, म तपाईंलाई प्रेम गर्छु ।”

येशूलाई माया गर्ने म ।



# ५. येशूको न्याय

(मत्ती २७:११-२६, मर्कूस १५:२-१५, लूका २३:१-५)

प्रधान पूजाहारी र धर्मगुरुहरूले येशूको गल्तीलाई देखाएर शासक पिलातसकहाँ तानेर लगे । ती शासक यहूदीहरूलाई शासन गर्ने अति उच्चका मानिस थिए ।
पिलातसले येशूलाई सोधे,


"के तिमी यहूदीहरूका राजा हौ ?"
"हो कुरा सही हो ।"
"त्यसो भए के ति मानिसहरूले भनेका कुरा सत्य हुन् ?"
"............"
"किन जवाफ दिँदैनौ ?"

जवाफ नदिनुभएको येशू देखेर पिलातस छक्क परे ।
बाहिरचाहिँ धेरै मानिसहरूले येशूको गल्ती निकाल्न खोजिरहेको थिए ।

"आफैले आफैलाई परमेश्वरको पुत्र हुँ भनी भनेका छन् ।"
"आफैलाई यहूदीको राजा हुँ भन्दछन् ।"
"हामीलाई मुक्ति दिने ख्रीष्ट भन्दछन् ।"

पिलातसले मािसहरूकहाँ आएर चिच्याए,

"यो मानिसमा पाप छैन । तिमीहरूले भनेका त्यो पापलाई खोज्न सकिएन ।"



तर मानिसहरूले अझै ठूलो स्वरमा भने,

“यो मान्छेले सम्पूर्ण यहूदियामा मानिसहरूलाई सिकाउँदै गालीलबाट सुरु गरेर यहाँसम्म भड्काउँदै हिँडेर संसारमा खैलाबैला मच्चाएको छ ।”

येशूले मानिसहरूले भनेका कुरामा कुनै पनि जवाफ दिनुभएन ।
पिलातसले मानिसहरूले येशूलाई घृणा गरेर डाहाले भरिएर आफूकहाँ तानेर ल्याएका हुन् भन्ने कुरालाई थाहा पाए । तिनले पाप नभएका येशूलाई छोडिदिन चाहेका थिए । त्यति बेला अन्तिम चाडमा मानिसहरूले चाहेअनुसारको अपराधी एक जनालाई छोडिदिने नियम थियो, पिलातसले सोधे,

“तिमीहरूले मैले कसलाई छोडिदिएमा ठिक मान्छौ ? बरब्बा ? वा येशू ?”
“बरब्बालाई छोडिदिनुहोस् ।”
“मैले हेर्दा येशूमा पाप छैन । बरब्बालाई चाहिँ तिमीहरूले पनि चिने जस्तै एकदम नै क्रूर बदमाश हो ।”
“बरब्बा ! बरब्बा ! बरब्बालाई छोडिदिनुहोस् !”

पिलातसको पत्नीले न्याय गर्ने ठाउँमा मानिस पठाइन् ।

“हे पिलातस ! हिजो राती सपनामा मलाई येशूको कारण धेरै गाह्रो भएको थियो । तर ती सही मानिससँग कुनै सरोकार नराखी मानिसहरूले चाहे अनुसारको बरब्बालाई छोडिदिनुहोस् ।”



मानिसहरूले लगातार “बरब्बा” भनी चिच्याएकाले पिलातसले अरू केही गर्न नसकी बरब्बालाई छोडिदिए ।

“त्यसो हो भने यो येशूलाई के गरेमा राम्रो हुन्छ ?”
“क्रूसमा टाँग्नुहोस् !”
“होइन, के भन्दैछौ ? येशूले के खराब काम गरेका छन्.........”
“क्रूसमा टाँग्नुहोस् ! क्रूसमा टाँग्नुहोस् !”
“के मैले तिमीहरूको राजालाई क्रूसमा टाँगूँ ?”
“हाम्रो राजा छैन । क्रूसमा टाँग्नुहोस् !”
“फेरि सोध्दैछु । के मैले तिमीहरूको राजालाई क्रूसमा टाँगूँ ?”
“कैसर बाहेक हाम्रो राजा छैन । क्रूसमा टाँग्नुहोस् ?”

कराइरहेका मानिसहरूले दङ्गा उत्पन्न गर्लान् कि भनेर पिलातस डराएका थिए । पानी ल्याएर हात धुँदै भने,

“ममा येशूको रगतको बारेमा कुनै पाप छैन । त्यो दण्ड तिमीहरूले बोक ।”
“हुन्छ । त्यो दण्ड हामी र हाम्रो सन्तानमाथि परोस् हामी त्यो दण्ड स्वीकार्छौं ।”

पिलातसले बरब्बालाई छोडिदिएर येशूलाई कोर्रा लगाएर क्रूसमा टाँग्नलाई सुम्पिदिए ।

पिलातसले उहाँलाई सोधे, के तिमी राजा नै हौ त ? येशूले जवाफ दिनुभयो, म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ । यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ । प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ ।
(यूहन्ना १८:३७)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

मलाई क्रूसमा टाँग्नुपर्छ भन्ने सबै मानिसहरूले ममा पाप छैन भन्ने कुरा थाहा पाएका थिए। प्रधान पूजाहारी र धर्मगुरुले मलाई यहूदीहरूको राजा हो भन्ने कुरालाई, म परमेश्वरको पुत्र हुँ भन्ने कुरालाई पनि स्वीकार गर्न सकेका थिएनन्। मानिसहरूले मलाई अति नै मन पराएको र पछ्याएको कारणले इर्ष्या गरेका हुन्। त्यसैले खराब हल्ला मानिसहरूलाई फैलाएर मलाई घृणा गर्ने बनाएका हुन्।

हे मेरा प्यारा सन्तानहरू !

तिमीहरूले पनि असल साथीहरूलाई इर्ष्या गरेर तिनीहरूलाई घृणा गरेर नराम्रो गाली गरेका छौ कि छैनौ राम्रोसँग विचार गरी हेर। यदि त्यस्तो छ भने हामीले गल्ती गऱ्यौं भनी प्रार्थना गर भन्ने म चाहन्छु।

म तिमीलाई प्रेम गर्छु।

तिमीहरूलाई अनन्तसम्म प्रेम गर्ने येशू

# प्रिय येशूलाई !


म खराब मान्छे हुँ। मलाई नराम्रो गाली गर्न अति नै मन पर्दैन तर मेरो साथीले मलाई नराम्रो गाली गरिनस् भने तँ मूर्ख होस् भनी भन्छ। तँ मात्रै एक्लै राम्रो बन् भनी भन्छ। त्यसैले म भन्दा ब्लक छिटो उठाउने साथीलाई ठूलो स्वरले नराम्रो गाली गरें।

तर, हृदय अनौठो भयो। कतै येशूले मलाई मन पराउनुहुन्न कि भनेर हृदयमा अझै नराम्रो भयो।

येशू ! खराब हृदय, झूटो बोली, अरू मान्छेको इर्ष्या गर्ने, घृणा गर्ने कुरा सबै हटाउन सकेको होस् भनी प्रार्थना गर्दछु।

"येशू, म तपाईंलाई प्रेम गर्छु।"

येशूलाई प्रेम गर्ने म।



# ६. क्रूस बोक्नुहुने येशू

**(मत्ती २२:२७-४४, मर्कूस १५:२१-३२, लूका २३:२६-३१, यूहन्ना १९:१७-२२)**

पिलातस शासकले यहूदीहरूले चाहे अनुसारको येशूलाई क्रूसमा टाँग्नु भनी न्याय गरे ।
दङ्गा उत्पन्न गराएर हत्या गरेर झ्यालखानामा थुनिएका बरब्बालाई छोडिदिएर येशूलाई क्रूसमा टाँग्न सुम्पिदिए ।
जब त्यसो गरियो सिपाहीहरूले येशूलाई शासकको घरभित्र लिएर गए ।
त्यो ठाउँमा सबै सिपाहीहरू जम्मा भएर येशूलाई गिल्ला गरिरहेका थिए ।

"ओई ! ओई ! येशूको कपडा खोलिदिएर राजाको अधिकारलाई चित्रण गर्ने बैजनी रङको कपडा लगाइदेओ !"
"हो नि त, राजा हो भने बैजनी रङको कपडा लगाउनु पर्छ नि ।"
"राजाको मुकुट पनि त लगाउनुपर्छ । काँढाको मुकुट बनाएर लगाइदिउँ ! हा.हा. ।"
"हो नि राजाहरूले बोक्ने सुनको लौरो के गर्ने होला ? ओई, ओई ! सुनको लहुरोको साथमा दाहिने हातमा निगालो बोक्न लगाऊ ।"
"खक् खक् ! अझै के गर्नुपर्छ होला ?"

सिपाहीहरूले येशूको अघि घुँडा टेकेर ढोगेर उहाँको गिल्ला गरे ।

"यहूदीका राजा, तपाईंलाई प्रणाम !"

त्यतिले मात्र नपुगेर येशूलाई थुकेर निगालो खोसेर टाउकोमा हिर्काएर मन लागुञ्जेल सम्मको गिल्ला गरे ।
उहाँको अपमान गरिसके पछि बैजनी कपडा फुकालिदिएर फेरि येशूको कपडा लगाइदिए । र बाहिर घिस्याउँदै ल्याए ।



येशूले बलपूर्वक क्रूसलाई बोकेर हिँड्नुभयो ।
त्यति नै बेला कुरेनी गाउँबाट आएका सिमोन येशूको नजिकैबाट हिँड्दै थिए ।

“ओई ! त्यहाँ तँ ! यहाँ आएर यो येशूको क्रूसलाई बोकेर हिँड् !”

सिमोनलाई क्रूस बोकाएर येशूको पछिपछि हिँड्नलाई अह्राए ।


धेरै मानिसहरूले येशूलाई पछ्याउँदै हिँडे । येशूको निम्ति छाती पिट्दै दुःखित भएर रूँदै स्त्रीहरूले येशूलाई पछ्याउँदै आइरहेका थिए । येशूले तिनीहरूलाई हेरेर भन्नुभयो ।

“यरूशलेमका छोरीहरू हो ! मेरो निम्ति नरोओ तर तिमीहरू र तिमीहरूका सन्तानहरूका निम्ति रोओ ! हरियो घाँस जस्तै मैले पनि त यस्तो काम बोकिरहेको छु भने सुकेको रूख जस्ता तिमीहरू यहूदीहरूले कस्तो काम अँगाल्नुपर्छ कसरी बुझिरहेका छौ ?”

येशू गलगथा भन्ने ठाउँमा आइपुग्नुभयो ।
सिपाहीहरूले येशूलाई पित्त मिसाइएको दाखमद्य दिएर पिउन लगाए ।

“ओई यता हेर् ! यहूदीको राजा ! ला यो पि !”

दाखमद्यको स्वाद लिएर येशूले पिउनुभएन ।



"किन पिउँदैनस् ? पिएर हेर् । पित्त राखिएको दाखमद्य हो । तेरो पीडालाई राहत दिन्थ्यो नि त.......।"
"हामीले विचार गरेर दिएका हौं । छिटो पि !"

तर येशूले पित्त मिसाइएको दाखमद्य चाख्नुभयो तर पिउनुभएन ।

पिलातसले एउटा दोष-पत्र लेखेर क्रूसमाथि टाँसिदिए ।

"नासरतका येशू यहूदीहरूको राजा"

गलगथा पहाड शहरबाट नजिकै भएकोले धेरै मानिसहरूले यो दोष-पत्र पढे । सबै मानिसहरूले राम्रोसँग पढ्न सकून् भनेर यहूदिया, रोम, ग्रीस भाषामा लेखेका थिए । यहूदीको पूजाहारीहरूले पिलातसलाई भने ।


"यहूदीहरूका राजा होइन तर, यसले म यहूदीहरूका राजा हुँ भन्यो भनी लेख्नुहोस् ।"
"मैले जे लेखें, लेखें अब उसो अझै बिन्ति नगर ।"

गलगथा पहाडमा सिपाहीहरूले येशूलाई क्रूसमा टाँग्न सुरु गरे ।

"ठ्याङ् ! ठ्याङ् !"
"हुक ! उ्.....उ्म !!!"

येशूले क्रूसमा केवल परमेश्वरको इच्छा पूरा गर्नको निम्ति सम्पूर्ण कष्ट सहनुभएको थियो ।

पिलातसले एउटा दोषपत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए । त्यसमा यहि लेखिएको थियो, नासरतको येशू यहूदीहरूका राजा । (यूहन्ना १९:१९)


JESUS NAZARENVS
REX IVDAEORVM

# मेरा प्यारा छोराछोरीहरूलाई !


मैले किन क्रूस बोकेको होला ? मानिसहरूले किन साँचो पापीलाई छोडिदिएर कुनै पनि पाप नभएको मलाई क्रूसमा टाँगेका होलान् ? त्यसो गर्नु चाहिँ सम्पूर्ण इच्छा परमेश्वरको थियो । परमेश्वरको ठूलो प्रेम तिमीहरूलाई दिनको निम्ति म पुत्रलाई बलिदान गर्नुभएको हो । मलाई संसारमा पठाएर तिमीहरूको सट्टामा मलाई पाप बोकाउनुभएको हो नि । मेरो मृत्युको कारणले गर्दा तिमीहरूको प्रार्थनाको माध्यमद्वारा तिमीहरूले पापको क्षमा पाउने भएका हौ । त्यति मात्र होइन मलाई विश्वास गऱ्यौ भने परमेश्वरको सन्तान भएर स्वर्गमा आउन सक्ने हुनेछौ । त्यसैले यो असल खबर धेरै मानिसहरूकहाँ अनिवार्य बताइदेऊ ।
म तिमीलाई प्रेम गर्छु ।

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

येशू ! म धेरै दुःखित छु । पित्त मिसाइएको दाखमद्य किन पिउनुभएन ?
त्यो पिउनुभएको भए दुखाइको महसुस हुने थिएन नि । त्यसो हो भने अझै दुखाई कम हुन्थ्यो नि ।
मण्डलीको विद्यालयमा शिक्षकलाई पनि सोधि हेरे । जब मैले सोधें उहाँले रूँदै भन्नुभयो ।
“पित्त मिसाइएको दाखमद्य पिउनुभएको भए कम दुखाई भए तापनि येशूले सहन नसक्ने कष्टदायी पिडालाई आफ्नो सम्पूर्ण शरीरमा महशुस गरेर अन्त्यसम्मै सहनुभयो । त्यो पीडा हाम्रो पापको सट्टामा बोक्नको लागि त्यसो गर्नुभएको थियो ।”
येशूको प्रेम अति ठूलो भएकोले आज घरि घरि आँशुमात्र आयो ।
येशू ! धन्यवाद । येशू ! म तपाईंलाई प्रेम गर्छु ।

येशूको अति नै ठूलो प्रेम पाउने म ।


JESUE NAZARENUS
REX IVDAEORUM

# ७. मुक्ति पाएका डाँकू

(मत्ती २७:३८-४४, लूका २३:३२-४३, यूहन्ना १९:२३-२५)

“येशूसँगै फेरि अरू दुई जना खराब काम गर्ने मानिस क्रूसमा झुण्डिएर मृत्युको दण्ड पाइरहेका थिए । तिनीहरूलाई येशूको दाहिने र देब्रेपट्टि क्रूसमा टागिएका थिए ।”

**“पिता ! ति मानिसहरूलाई क्षमा गर्नुहोस् । तिनीहरूले के गर्दैछन् सो तिनीहरू जान्दैनन् ।”**

येशूलाई क्रूसमा चढाउने अति नै दुष्ट सिपाहीहरूले क्रूसको तल येशूको कपडालाई चार भाग हुने गरी बाँडेर एक एक वटा लिएर गए । र बाहिरी कपडा पनि बाँडेर लिएर जान लागेका थिए ।

“ओहो ! यो कपडामा त सिलाएको ठाउँ नभएकोले माथिबाट नै बुनेको पो रहेछ त ।”
“त्यसो हो भने यसलाई नच्यातौं बरू चिट्ठा हालौं न ।”
“हो, राम्रो । त्यसै गरौं ।”

येशूको बाहिरी वस्त्रलाई चिट्ठा हालेर लगे भन्ने कुरा दाऊदले पुरानो करारमा भनेका कुरा पूरा हुनको लागि थियो ।

“तिनीहरूले मेरो कपडा बाँडे र कपडामा चिट्ठा हाले ।” (भजनसङ्ग्रह २२:१८)

मानिसहरू उभिएर ती सबै हेरिरहेका थिए ।



त्यहाँबाट हिँड्ने मानिसहरूले आफ्नो टाउको हल्लाउँदै येशूलाई गिल्ला गरे,

"ओहो ! मन्दिर भत्काएर तीन दिनमा बनाइदिन्छु भन्ने मान्छे पो रहेछ त ।
तँ परमेश्वरको पुत्र, ख्रीष्ट हौ भने तँ आफैलाई बचाउन सक्छस् ।"
"हो र, छिटै आफैलाई बचाएर क्रूसबाट ओर्लेर आइज ।"

सिपाहीहरूले पनि त्यहि किसिमले हाँस्दै उहाँको गिल्ला गरे ।


"तँ यदि यहूदीहरूको राजा होस् भने तँ आफूलाई बचाएर हेर् !"

मुख्य पूजाहारी र धर्मगुरुहरूले येशूलाई गिल्ला गर्दै भने ।

"त्यसले अरूलाई त बचायो तर आफैलाई बचाउन सकेन त ?"
"ओ...इस्राएलको राजा त्यहाँ पो रहेछ त । अहिले तुरुन्तै क्रूसबाट ओर्लेर आइज । त्यसो गरिस् भने विश्वास गरौंला ।"
"ठिक हो । त्यो मानिसले आफैलाई परमेश्वरको पुत्र हुँ भनी भनेको थियो ।
अब परमेश्वरले त्यसलाई बचाउनुहुनेछ ।"

त्यति नै बेला येशूको एकापट्टि रहेको एक जना डाँकूले पनि मानिसहरूको जस्तै गरी येशूलाई हप्कायो,

"यता हेर ? यदि तपाई इस्राएलको राजा ख्रीष्ट हौ भने अहिले नै क्रूसबाट ओर्लेर जाऊ । आफूलाई पनि बचाऊ र हामीलाई पनि बचाऊ । अनि मात्र ती कुरालाई देखेर विश्वास गरौंला !"



तर अर्को डाँकूले त्यो मानिसलाई हप्कायो,

"ओई ! तँ पापी भएर पनि येशूको अपमान गर्छस् ? तँ परमेश्वरसँग डराउँदैनस् ?"
"तँ चाहिँ के हो नि बदमाश ?"
"तँ र म त डाँकूको काम गरेकोले त्यसै मुताबिक दण्ड पाएका हौं नि तर येशूमा के को पाप थियो ?"
"हामीभन्दा अझ पाप गरेको होला नि ।"
"होइन ! येशूले एउटा काम पनि बिराउनु भएको छैन !"

र येशूलाई भन्यो,


"हे येशू ! तपाईंको राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।"

येशूले भन्नुभयो,

**"म तिमीलाई सफा गरी भन्छु । तिमी मसँगै स्वर्गलोकमा हुनेछौ ।"**

येशूलाई स्वीकार गरेर विश्वास गरेका डाँकूले मृत्यु अघि नै मुक्ति पाउने भएको थियो ।

उहाँले त्यसलाई भन्नुभयो, साँच्चै म तिमीलाई भन्दछु,
आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ । (लूका २३:४३)



# मेरा प्यारा छोरा छोरीहरूलाई !


तिमीहरू दुई डाँकूहरूलाई देखेर कस्तो विचार गरिरहेका छौ भनी खुल्दुली भइरहेको छ ।
एउटै समय, एउटै ठाउँमा भएका दुई डाँकूमध्ये एक जनाले मलाई गाली गरेर अपमान गरेर मुक्ति पाउने मौकालाई गुमायो । अर्को एक जना आफैले म पापी हुँ भन्ने कुरालाई स्वीकार गरेर होच्यायो । र मलाई मुक्ति दिनुहोस् भनी अनुरोध गऱ्यो । मैले उसलाई अति नै प्रेम गरेर मसँगै स्वर्गलोकमा जान सक्ने बनाइदिएँ ।
मेरा प्यारा सन्तानहरू !
तिमीहरू यो संसारमा जिइरह्यौ भने गल्ती गरेर पाप पनि गर्न सक्छौ ।
त्यति बेला त्यो पापको बारेमा मलाई भन्यौ भने तिमीहरूले क्षमा पाउन सक्छौ ।
त्यो डाँकूले मुक्ति पाएको जस्तै तिमीहरूले पनि मलाई विश्वास गरेर मुक्ती पाओ भन्ने मेरो आशा हो । म तिमीलाई प्रेम गर्छु ।

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

येशू ! मैले आज अति धेरै विचार गरी हेंरे ।
मानिसहरू अति नै खराब छन् । कसरी येशूलाई त्यस्तो व्यवहार गर्न सकेका होलान् ?
येशू असल हुनुहुन्छ भन्दै उहाँलाई कुनै समय पछ्याएका थिए भने अहिले चाहिँ क्रूसमा त्यसरी दुखिरहेको समयमा येशूलाई कसरी गाली गरेर अपशब्द बोलेर गिल्ला गर्न सकिरहेका छन् ?
मर्नै लागेर पनि येशूलाई खराब नजरले हेर्ने डाँकू फेरि के भएको नि ?
साँच्चै छटपटी हुन्छ । तर पनि एउटा आशिषको कुरा एउटा डाँकूले मुक्ति पाएर येशूसँगै स्वर्गलोकमा त गयो ।
येशू ! म, येशूलाई प्रेम गर्छु । अति धे....रै नै गर्छु ।

येशूलाई माया गर्ने म



# ८. येशूको मृत्यु

**(मत्ती २७:४५-६१, मर्कूस १५:३३-४७, लूका २३:४४-५६, यूहन्ना १९:२५-४२)**

येशूको क्रूसको छेउमा येशूको आमा र फुपु, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए । येशूले आफ्नी आमा र उहाँले प्रेम गर्नुहुने चेलालाई उभिरहेका देखेर भन्नुभयो,

**"हे नारी, उसलाई हेर्नुहोस् । तपाईंको छोरो ।**
**हे मेरो प्यारो चेला, उनी तिम्री आमा हुन् ।"**

त्यति बेलादेखि ती चेलाले येशूको आमालाई आफ्नो घरमा लगेर राखे ।

दिउँसो १२ जति बजेको थियो अचानक सूर्यले ज्योति गुमायो र अँध्यारो भयो ।

"मध्यदिनमा पनि यो मौसम कि न यस्तो भएको होला ? रातको जस्तै पूर्ण रूपमा अँध्यारोले भरियो ।"
"सम्पूर्ण जमिन अँध्यारो भयो ।"

अँध्यारो दिन दिउँसो ३ बजेसम्म पनि लगातार भइरहेको थियो ।
त्यति बेला येशूले ठूलो स्वरमा कराउनुभएको थियो,

**"इलोइ, इलोई, लामा सबखथनी ?** हे मेरा परमेश्वर हे मेरा परमेश्वर मलाई किन त्याग्नुभयो ?"

**"मलाई तिर्खा लाग्यो ।"**


IESUS NAZARENUS
REX IUDAEORUM

त्यहाँ उभिरहेकाहरू मध्ये एक जनाले भन्यो,

“यो मानिसले एलियालाई पो बोलाउँदैछ त ।”

अर्को एक जना मानिसले स्पन्ज सिर्कामा पूरै चोपेर एउटा लामो निगालोमा राखेर पिउन दियो ।
त्यसपछि फेरि मानिसहरूले गिज्याउँदै भने,

“ओई ओई ! दिन बन्द गर । कतै एलिया आएर उनलाई बचाउँछन् कि हेरौं ।”

येशू फेरि ठूलो स्वरमा कराउनुभयो ।

“हे पिता ! मेरो आत्मा पिताको हातमा सुम्पन्छु ।”

येशूले शिर निहुराएर आत्मा त्यागेर मर्नुभयो ।
सिपाहीहरूले येशूकहाँ आएर पहिले नै मरिसक्नुभएको कुरालाई जाँचबुझ गरेर उहाँको खुट्टा भाँचेनन् । अर्को एक जना सिपाहीले भालाले येशूको कोखामा घोचे र रगत र पानी बगरे निस्क्यो ।

यति बेला पवित्र वासस्थानको पर्दा माथिबाट तलतर्फ पूरै च्यातिएर दुई भाग भयो ।
जमिन हल्लिएर भुकम्प गयो । चट्टानहरू फुटे ।
येशूलाई सुरक्षा दिइरहेका मानिसहरू डराएर थरथर काँपे ।

“यी मानिस साँच्चै परमेश्वरको पुत्र रहेछन् ।”



कप्तानले यी सबै कुरा उत्पन्न भएको देखेर परमेश्वरलाई
महिमा गर्दै भने,

“यी मानिस वास्तवमा साँच्चै धार्मिक मानिस रहेछन् ।”

येशूलाई हेर्न भेला भएका मानिसहरू सबैले छाती पिट्दै घर फर्के । येशूलाई चिन्ने मानिसहरू र गालीलदेखि उहाँलाई पछ्याउँदै आएका स्त्रीहरूले पनि यो दृष्य टाढै उभिएर यी सबै उत्पन्न भएका घटनाहरू सबै हेरिरहेका थिए ।

त्यति बेला यहूदीहरूको गाउँमा अरिमाथियाका योसेफ भनिने मानिस थिए । तिनी इमान्दार र धार्मिक मानिस थिए र परमेश्वरको राज्यलाई पर्खिरहेका मानिस थिए । अरू यहूदीहरूले क्रूसमा टाँग्नुपर्छ भन्ने निर्णयमा योसेफ सहभागी भएका थिएनन् । तिनी पिलातसकहाँ गए ।

“येशूको लाश मलाई दिनुहोस् ।”

येशूलाई नयाँ सफा मलमलको कपडाले बेह्रेर नयाँ चिहानमा येशूको लासलाई राखे ।
गालीलदेखि येशूसँगै आएका स्त्रीहरूले ती सबै कुरा
देखिरहेका थिए ।

“येशूलाई कहाँ राखिएको छ हामीले देखेका हुनाले झट्टै
फर्केर गई सुगन्धित द्रव्य र अत्तरहरू तयार गरौं”

उच्च सोरले कराएर येशूले भन्नुभयो, हे पिता म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु । यति भनेर उहाँले आफ्नो प्राण त्याग्नुभयो । (लूका २३:४६)



# मेरा प्यारा छोरा छोरीहरूलाई !


आज तिमीहरूलाई पवित्र वासस्थानको पर्दाको बारेमा बताउन चाहन्छु ।
पवित्र वासस्थानको पर्दा परमेश्वर र मानिस बीचको सम्बन्धलाई अलग गर्ने पर्दा जस्तैले छेकिएको छ जुन टुप्पादेखि फेदसम्म तन्काएर राखिएको थियो । मैले क्रूसमा सास फेर्न बन्द गरेको बेलामा १८ मिटर जति भएको त्यो पर्दा माथिदेखि तलसम्म च्यातिएको थियो । तलबाट माथितिर च्यातिँदै गएको थियो भने मलाई घृणा गर्ने मानिसहरूले फेरि झूटा रहेछ भनी भन्ने थिए । तर पनि माथिदेखि तलतर्फ च्यातियो । यो परमेश्वरले गर्नुभएको काम हो । पर्दा च्यातिएको कुराले के बताउँछ भने तिमीहरूले परमेश्वरलाई प्रत्यक्ष रूपमा भेट्न सक्छौ भनी यी सबै उहाँले गराइदिनुभएको हो । मद्वारा परमेश्वरको अघि जान सक्ने भएका हौ नि ।
त्यसैले तिमीहरूले मलाई विश्वास मात्र गरे पुग्छ । म तिमीलाई प्रेम गर्छु ।
तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

आज मण्डलीको विद्यालयमा येशूले क्रूसमा गर्नुभएको ७ वटा वचनको बारेमा सिकें । गाह्रो भए तापनि नबिर्सीकन याद गरिरहनेछु ।

१. "पिता तिनीहरूलाई क्षमा गर्नुहोस् । तिनीहरूले के गर्दैछन् तिनीहरूलाई थाहा छैन ।"
२. "म तिमीलाई साँच्चै भन्दछु, आजै तिमी मसँग स्वर्गलोकमा हुनेछौ ।"
३. "हे नारी हेर तिम्रो छोरा, हेर तिम्री आमा ।"
४. "इलोई, इलोई लामा सबखथनी"
५. "मलाई तिर्खा लाग्यो ।"
६. "सबै सिद्धियो ।"
७. "पिता मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु ।"

येशू ! म नि, येशूको क्रूसलाई मात्र विचार गरें भने पनि आँशु तरRर बग्छ । येशूको प्रेममा उस्तै हुन चाहन्छु । तपाईंलाई प्रेम गर्छु प्रभु ।
येशूलाई माया गर्ने म



# ९. येशूको पुनरूत्थान

**(मत्ती २८:१-१०, मर्कूस १६:१-८,
लूका २४:१-१२, यूहन्ना २०:१-१८)**

येशू क्रूसमा मर्नुभएको तेस्रो दिन भएको दिन बिहान झिसमिसे थियो । मरियम मग्दलिनी र अर्की मरिमय येशूको चिहान हेर्नको लागि गए ।

"ए मरियम, हामी यो सुगन्धित द्रव्यलाई लिएर जाऔं र मर्नुभएको येशूको शरीरमा छरेर आऔं ।"
"हुन्छ, छिटो जाऔं । दिन अझै अँध्यारो नै छ त । होशियार होऊ है ।"
"तर मरियम ! चिहानलाई ढाकेर राखेको त्यो ठूलो ढुङ्गा छ नि त्यसलाई के गर्ने होला ?"
"साँच्चै हो त नि । हाम्रो शक्तिले त्यो ढुङ्गालाई गुडाउन पनि सक्दैनौं कसरी चिहानभित्र पस्ने होला ?"
"सिपाहीहरूले चिहानलाई सुरक्षा दिइरहेका होलान्......।"
"जे भए पनि छिटो गई हेरौं ।"

चिहानमा पुगेका स्त्रीहरू अचानक छक्क परे ।

"घुर्रररररर ढुङ्"
"ओहो ओहो ! जमिन हल्लियो !"

ठूलो भुकम्प गएको थियो सेता कपडा लगाएका स्वर्गदूत स्वर्गदेखि ओर्लिआएर ढुङ्गा गुडाएर त्यो ढुङ्गामाथि बसे ।

"ए मरियम ! चिहानको ढुङ्गा हटाइएको रहेछ ।"
"साँच्चै ? भित्र पसेर हेरौं न त !"
"येशूको लास त देखिँदैन त !"



"साँच्चै ?"

"मरियम, मरियम ! देख्यौ ? चिहानको सुरक्षा गर्ने मानिसहरू जमेका जस्ता छन् ।"
"अँ । अति नै डराएकोले होला । मलाई पनि डर लागिरहेको छ ।"

ती स्त्रीहरू चिहान बाहिर उभिएर रूँदै शरीरलाई तुरुन्तै चिहानभित्र केही क्षणमै लैजान लागेका थिए । त्यति नै बेला स्वर्गदूतले भने,

"तिमीहरू किन रूँदैछौ ?"

स्त्रीहरूले स्वर्गदूतलाई देखेर डराएर अनुहार भुइँमा झुकाए ।

"नडराओ । तिमीहरू क्रूसमा टाँगिएको येशूलाई खोज्न आएका हौ भन्ने मलाई थाहा छ ।"
"हजुर । येशूलाई हेर्न आएका हौं । येशूलाई सुगन्धित अत्तर दल्न लिएर आएका थियौं..........उ हुँ..हुँ !"
"सुगन्धित अत्तर ? जीवित मानिसलाई किन सुगन्धित अत्तर........"
"हजुर ? मानिसहरूले हाम्रो येशूलाई सारेर अर्कै ठाउँमा राखे जस्तो छ । तर त्यो ठाउँ कहाँ हो थाहा छैन । हुँ हुँ !"
"अझै पनि तिमीले भन्न खोजेको के हो बुझ्न सकिनँ ? जिउँदो मान्छेलाई किन चिहानमा आएर खोज्दैछौ भनेको के ?"
"हजुर ?"
"उहाँ यहाँ हुनुहुन्न उहाँ जीवित हुनुभएको छ । गालीलमा तिमीहरूलाई उहाँले के भन्नुभएको थियो विचार गरिहेर ।"



"ए, हो त नि । येशूले भन्नुभएको थियो । म पापीको हातमा सुम्पिएर क्रूसमा टाँगिएर मरेर म तीन दिनमा फेरि जीवित हुनेछु भनी भन्नुभएको थियो । हो ! अब बल्ल याद आयो ।"
"लौ, चिहानभित्र पसेर येशू सुत्नुभएको ठाउँ हेर ।"

स्त्रीहरू डराएका पनि थिए र आनन्दित पनि भएका थिए । चेलाहरूलाई बताउनको निम्ति एकै पाइलामा दौडँदै गए ।

"जीवित हुनुभयो । येशू जीवित हुनुभयो ।"
"स्वर्गदूतले हामीलाई बताएका हुन् । येशू हामी भन्दा पहिला गालीलमा गएर बस्नुहुन्छ रे । त्यहाँ भेटौं भन्नुभएको छ रे ।"

चेलाहरूले पागल मान्छेको कुरा जस्तै गरी स्त्रीहरूको कुरालाई विश्वास गर्न सकेनन् । पत्रुस र अर्को चेला ती कुरा सुन्ने बित्तिकै चिहानतर्फ दौडँदै गए ।
अर्को चेला पत्रुस भन्दा दौडनमा सिपालु थिए । पहिले चिहानमा पुगेर शरीर बङ्ग्याएर चिहानभित्र हेरे ।

"ए पत्रुस ! मलमलको कपडा त्यतिकै पडिरहेको मात्र देखिन्छ चिहानभित्र त म जान सक्दिनँ ।"
"म गएर हेर्नेछु । ओहो, साँच्चै येशू हुनुहुन्न त ।
योसेफले येशूलाई मलमलको कपडाले बेह्रेर चिहानमा राखेका थिए त.....येशूको त्यो मलमलको कपडा मात्र बाँकी रहेको छ । साँच्चै छक्क लाग्दो काम हो । यहाँ भित्र आएर हेर ।"

येशू तीन दिनपछि फेरि जीवित हुनुभयो । तर पनि दुई जना चेला गालीलतिर नगई आफूहरूको घरतर्फ फर्केर गए ।

कि मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु र क्रूसमा टाँगिनु र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ । (लूका २४:७)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

म क्रूसमा मरेको र तेस्रो दिनमा जीवित भएको कुरालाई के तिमी विश्वास गर्छौ ? तिनीहरू मेरा चेला थिए र मलाई प्रेम पनि गर्थे तर तिनीहरूले मलाई विश्वास गरेनन् । तीन वर्षसम्म तिनीहरूले स्वर्गको बारेमा सबै कथा सुनेका थिए
र मैले बिरामीलाई निको पार्दै गरेको देखे ।
ठिकै छ । म खुसी छु किनकि तिमीले यी सबै कुरामा विश्वास गर्छौ, यद्यपि
तिमीले तिनीहरूलाई देखेका छैनौ ।
यदि तिमीलाई केही अप्ठ्यारो भयो भने, मलाई सबै कुरा बताऊ । यदि तिमी गलत काम गर्छौ भने म तिमीलाई माफ गर्नेछु । ममाथि गरेको विश्वास कहिल्यै पनि नगुमाऊ । के तिमी मलाई प्रतिज्ञा गर्न सक्छौ ? म तिमीलाई प्रेम गर्छु !

तिमीलाई अनन्तसम्म प्रेम गर्छु

# प्रिय येशूलाई !

येशू ! तपाईं जीवित हुनुभएकोमा म धेरै खुसी छु ! यदि म तिनीहरूसँग थिएँ भने तपाईं मर्नुभएकोमा म अवश्य नै दुःखित हुने थिएँ । तर म तपाईंलाई चिहानमा पर्खिरहेको हुन्थें । किनकी तपाईंले भन्नुभएको छ म जीवित हुन्छु ! त्यसपछि मैले तपाईंलाई देख्नेमा पहिलो व्यक्ति हुने थिएँ !
येशू ! त्यसैले म सधैं बिहानै चर्च जान्छु ।
म पहिलो हुन चाहन्छु ! येशू ! के तपाईं मलाई गर्व गर्नुहुन्छ ? आराधनाको सेवा हुनुभन्दा अघि म तपाईंलाई मेरो प्रार्थनामा भेट्न चाहन्छु । म पहिलो हुन चाहन्छु । येशू ! म तपाईंलाई माया गर्छु ।

येशूलाई माया गर्ने म



# १०. मलाई छोएर हेर

**(लूका २४:१३-४३, मर्कूस १६:१२-१३)**

येशूका चेलाहरूमध्ये दुई जना यरूशलेम छोडेर इम्माउस भन्ने गाउँमा जाँदै गर्दा त्यति बेला सम्मको कुराकानी गर्दै हिँडिरहेका थिए ।
त्यति नै बेला कोहि एक जना नजिकै आएर कुरा गर्न थाले । येशूले कुरा गर्नुभए तापनि तिनीहरूले उहाँले बोलेका कुरा बुझ्न सकेनन् ।

"तिमीहरूले एक-आपसमा बाँडिरहेको कुरा के हो ?"

ती कुरा सुनेका दुई मानिस अति नै दुःखित भएर हिँड्दै गरेका खुट्टाका पाइलाहरू रोकिए ।

"तपाईं यरूशलेममै रहेर पनि त्यो ठाउँमा उत्पन्न भएको घटनाको बारेमा थाहा छैन भन्नुभएको हो ?"
"हो, मलाई केही पनि थाहा छैन । के घटना भएको हो ?"
"नासरत येशूको घटना हो ।"
"येशू को हो ?"
"येशू वचन र काममा शक्तिको काम गर्ने अगमवक्ता हुनुहुन्थ्यो । तर मुख्य पूजाहारी र व्यवस्थापकहरूले येशूलाई क्रूसमा टाँग्नुपर्छ भने ।"
"उनले के गल्ती गरेका थिए.......।"
"उहाँमा कुनै पनि पाप थिएन । अन्त्यमा क्रूसमा मर्नुभयो ।"
"..........."
"उहाँले इस्राएललाई उद्धार गर्नुहुनेछ भनी हामीले विश्वास गरेका थियौं ।"
"त्यति मात्र होइन । मेरो कुरा अलि राम्रोसँग सुनिदिनुहोस् । आज येशू मर्नुभएको तीन दिन हुँदैछ ।"



"हामी मध्येको कुनै स्त्री बिहान चिहानमा जाँदा येशूको मरेको शरीर देख्न सकिनन् र उहाँ जीवित हुनुभएको छ भन्ने स्वर्गदूतको कुरा सुनेर आएकी थिइन् ।"
"हामीसँगै भएका दुई जना चेला चिहानतर्फ दौडँदै गएर जाँचबुझ गरे । येशू सुतिरहनुभएको ठाउँ खाली थियो तर उहाँलाई भेट्न सकिएन भनी तिनीहरूले भने ।"

येशूले भन्नुभयो,

"हत्तेरिका । मूर्ख भएर अगमवक्ताहरूले भनेका सबै कुरा राम्रोसँग विश्वास गर्न नसकेका यी मानिसहरू ! अबबाट धर्मशास्त्रमा भएका कुराहरू बताउनेछु राम्रोसँग सुन ।"

मोशादेखि सुरु गरेर येशूको बारेमा धर्मशास्त्रमा लेखिएका सम्पूर्ण विषयलाई विस्तृत रूपमा व्याख्या गरेर बताइदिनुभयो ।


तिनीहरू इम्माउसमा लगभग आइपुग्ने बेलामा येशूले अझै जाउँ भन्दै कर लगाउनुभयो ।

"लौ......दिन पनि अँध्यारो भएर साँझको खाना खाने बेला पनि भएकोले हामीसँगै जाऔं ।"

येशू तिनीहरूसँगै घरतर्फ जानुभयो ।
सँगै खाना खाने बेलामा रोटी लिएर आषिशको प्रार्थना गर्नुभयो ।

"लौ, अब मैले दिने रोटी खाऊ ।"

उत्तिखेरै त्यो स्वरूपलाई हेरेका चेलाहरूका आँखा खुलेर उहाँ त येशू हुनुहुँदो रहेछ भनी थाहा पाए ।
तर येशू त्यहाँबाट अलप हुनुभयो ।



“जे भए पनि बाटोमा उहाँले धर्मशास्त्रको अर्थलाई खोलेर बताउनुभएको बेलामा हाम्रो हृदयमा जोश आएको थियो । तिमीमा त्यस्तो भएन ?”

तिनीहरू तुरुन्तै यरूशलेमतर्फ फर्केर गए । त्यस ठाउँमा पहिले नै चेलाहरूसँगै मानिसहरू भेला भएर येशू जीवित हुनुभएको बारेमा कुरा गरिरहेका थिए । त्यती नै बेला येशू तिनीहरूको बीचमा उभिएर भन्नुभयो ।

“तिमीहरूलाई शान्ति ।”

चेलाहरू छक्क परे र डराए ।


“ओहो ! येशू ! तर हाम्रो आँखाले देखेको कुरा येशूको आत्मा पो हो कि ?”
“बालकहरू ! तिमीहरू किन डराउँछौ र शङ्का गर्छौ ?”
“येशू !”
“मेरो हात र खुट्टाको किलाको डोबलाई हेर । र छोएर हेर । यदि म आत्मा हो भने मासु र हाड हुँदैन । मेरो मासु र हाड छैन त ? छिटो छोएर हेर ।”

चेलाहरू येशू जीवित हुनुभएको देखेर अति नै खुशी भए तापनि अझैसम्म पूर्ण रूपमा विश्वास गर्न नसकेर छक्क परेर के गर्ने होला भन्ने थाहा पाउन सकेका थिएनन् ।

“यहाँ केही खानेकुरा छ कि ?”
“हजुर । पोलेको माछाको एक टुक्रा छ ।”

येशूले चेलाहरूकै सामुन्ने माछा खाएर जीवित भएको कुरालाई देखाइदिनुभयो ।

मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर । किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ मेरा त छन् । (लूका २४:३९)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

म यरूशलेममा जाँदै गरेको बेलामा मेरो चेला थोमा त्यस ठाउँमा थिएनन् । अरू चेलाहरू सबैले मलाई देखेको भनेकोले उसको औंला मेरो किलाको डोबमा हाल्दिनँ विश्वास गर्न सक्दिनँ भन्दै थिए । त्यसैले मैले थोमाकहाँ गएर "तिम्रो औंला यहाँ ल्याएर मेरो हात छोएर हेरेर मेरो कोखामा पनि हाल ।
त्यसैले अविश्वासी होइन तर विश्वासी होऊ" भनें ।
थोमा मात्र होइन मेरा चेलाहरू सबैले पनि म जीवित भएको कुरालाई विश्वास गर्न सकेनन् । खाना खाएको कुरालाई पनि देखाइदिएर मेरो मासु र हाडलाई पनि छोएर हेर भनी जाँचबुझ गर भनें साँच्चै भन्नु पर्दा हृदयमा आनन्द थिएन । किन यसरी विश्वास गर्न नसकेका होलान्..........।
तर तिमीहरूले छोएर नहेरे तापनि, मलाई देख्न नसके तापनि मलाई विश्वास गरेकोमा तिमीहरूले साँच्चै आषिश पाउनेछौ । म प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

येशू ! आज रमाइलो बाइबल स्कूल भएको दिन हो ।
साथी र शिक्षकसँगै मण्डलीमा एक रात सुतेर अझ रमाइलो हुन्छ ।
येशू ! एक छिन पछि मण्डलीमा सुतेको बेलामा सपनामा आउनुभएर
मलाई भेट्नुहोस् ।
मलाई भेट्न नआउनुभए तापनि येशू तपाईंलाई विश्वास गर्छु । तर मेरो साथीको सपनामा येशूलाई भेटेको भन्दा अति नै इर्ष्यालु भएँ । येशू तपाईंले आमाको जस्तै उज्यालो अनुहार गरी हाँसेर अँगालोमा हाल्नुभयो भनी भने ।
आज राती सपनामा अनिवार्य मलाई भेट्न आउनुहोस् र अँगालो हाल्नुहोस् ।
येशू ! म तपाईलाई प्रेम गर्छु ।

तपाईंलाई प्रेम गर्ने म



# ११. पत्रुसको स्वीकार

**(यूहन्ना २१:१-२३)**

येशू फेरि जीवित भएर चेलाहरूकहाँ देखा परेर स्वर्गमा गइसकेपछि पत्रुस, थोमा, नथानेल र जब्दियाका दुइ छोराहरू याकूब र यूहन्ना, र अरू चेलाहरू सँगै थिए ।

"येशू पनि हुनुहुन्न केही काम पनि छैन..........।"
"दिक्क लागिरहेको छ, होइन त ?"
"ए भाइहरू, म त पहिले मैले गरेका काम गर्न जान्छु । म माछा मार्न जान्छु ।"
"पत्रुस, हामी पनि जान्छौं । सँगै जाऔं ।"

माझीकै परिवारमा जन्मिएका हुनाले तिनीहरू माछा मार्न डुङ्गामा चढे ।

"स्यू ! रातभरी जाल हान्दा पनि एउटा माछा पनि समात्न सकिएन ।"

नयाँ दिन निस्कने बेलामा येशू चेलाहरूको अघि उभिरहनुभएको थियो ।

"बालकहरू ! केही माछा पक्रेका छौ ?"
"छैन । एउटा माछा पनि समात्न सकेनौं ।"
"हो र ? जाललाई डुङ्गाको दाहिने हातपट्टि हान । पक्रनेछौ ।"
"हजुर ? जाल दाहिने हातपट्टि हान !"
"लौ ! अब जाललाई तानेर हेरौं । वा साँच्चै पक्रियो ।"
"माछा अति धेरै भएकोले जाललाई तान्न सकिएन ।"



चेलाहरू किनारमा आएर हेर्दा कोइलाको आगोमाथि माछा राखिएको र रोटी पनि रहेछ ।

“अहिले भर्खरै पक्रेर ल्याएका माछामध्येबाट केही लिएर आउँछौ ?”
“हुन्छ । माछा १५३ वटा पक्रेका छौं ।”
“हो र । सबै जना आएर बिहानको खाना खाऔं ।”

चेलाहरूले अब येशूलाई राम्रैसँग चिनेका थिए । त्यसैले तपाईं को हुनुहुन्छ भनी सोध्ने मानिस कोही पनि थिएन ।
बिहानको खाना सबै खाइसकेपछि येशूले सिमोन पत्रुसलाई भन्नुभयो,


“यूहन्नाको छोरा सिमोन ! के तिमीले मलाई यी मानिसहरूभन्दा बढी प्रेम गर्छौ ?”
“ज्यू प्रभु, ! मैले प्रभुलाई माया गर्छु भनी तपाईं जान्नुहुन्छ ।”
“सिमोन, मेरा पाठाहरूलाई खुवाऊ ।”

येशूले दोस्रो पटक फेरि भन्नुभयो,

“यूहन्नाका छोरा सिमोन ! के तिमी मलाई प्रेम गर्छौ ?”
“ज्यू प्रभु ! मैले प्रभुलाई माया गर्छु भनी तपाईं जान्नुहुन्छ ।”
“सिमोन, मेरा भेडाहरूको हेरचाह गर ।”

पत्रुसले मनमनै विचार गरे,

‘येशू अनौठोको हुनुहुन्छ । किन एउटै प्रश्न दुई पटक गर्नुभएको होला ?’



येशूले तेस्रो पटक भन्नुभयो,

"यूहन्नाको छोरा सिमोन ! के तिमी मलाई प्रेम गर्छौ ?"
"ज्यू प्रभु ! एउटै प्रश्न दोहोऱ्याएर गर्नुभएकोले चिन्ता लागिरहेको छ। प्रभु तपाईं सबै कुरा जान्नुहुन्छ नि होइन ? त्यसैले मैले प्रभुलाई माया गर्छु भन्ने कुरा प्रभुले राम्रोसँग जान्नुभएको छ ।"
"सिमोन, मेरा भेडाहरूलाई खुवाऊ ।"

येशूले पत्रुसलाई भन्नुभयो,


"म तिमीलाई सफा गरी भन्दछु , तिमी जवान हुँदा तिमीले इच्छा गरेको ठाउँमा जान्थ्यौ । बुढो भएपछि अरू मानिसले तिमीलाई तिमीले नचाहेको ठाउँमा लैजानेछन् ।"

पत्रुसलाई येशूले यी कुरा गर्नुभएको चाहिँ पत्रुसले कस्तो किसिमको मृत्युद्वारा परमेश्वरको महिमा हुनेछ भनी सङ्केत गर्दै हुनुहुन्थ्यो ।
यो कुरा भनेर येशूले पत्रुसलाई आज्ञा गर्नुभयो,

"मेरो पछि लाग ।"

येशूको आज्ञाअनुसार पत्रुसले सुसमाचार प्रचार गर्दा क्रूसमा उल्टोपट्टि झुण्डिएर शहिद भएर परमेश्वरको महिमा गर्ने चेला भएका थिए ।

यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्छौ ? तिनले उहाँलाई भने, ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु । उहाँले तिनलाई भन्नुभयो, मेरा पाठाहरूलाई खुवाऊ (यूहन्ना २१:१५)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

पत्रुसले मेरो आज्ञालाई पालन गरेर सुसमाचार प्रचार गर्ने काम गरे ।
तर रोमी शासकले अति नै बाँच्न कठिन बनाएर दुःख दिएकाले डराएर
भागेर जाँदै गर्दा ठ्याक्कै मलाई भेट्यो ।
"प्रभु कहाँ जाँदै हुनुहुन्छ ?"
"म रोममा गएर क्रूसमा झुण्डिनेछु ।"
"प्रभु, होइन । मबाट गल्ती भयो । म नै जानेछु ।"
पत्रुस रोममा फर्केर गए र सुसमाचार प्रचार गर्दै गर्दा क्रूसमा उल्टो पारेर झुण्ड्याइयो र शहिद बनाइयो । पत्रुसले मलाई प्रेम गरेको हुनाले 'मेरा पाठाहरूलाई खुवाऊ' भन्ने मेरो आज्ञालाई पालन गरे ।
तिमीहरू पनि सानैदेखि मलाई प्रेम गरेर जियौ भने असल हुनेछ ।
म तिमीहरूलाई प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

येशू ! यो संसारको कुनै पनि मानिसले येशू तपाईंलेभन्दा बढी मलाई माया गर्न सक्छ भनी विचार गरिहेरेको थिएँ तर कोहि पनि थिएन ।
आमा बुबाले पनि मलाई माया गरे तापनि येशू तपाईं जत्तिको प्रेम गर्ने छैन जस्तो लाग्छ ।
मलाई अङ्ग्रेजी भाषा मन पर्दैन भनी भन्दा मलाई कराएर रिसाएको थियो
स्यू ! साँच्चै डर लागेको थियो । जब त्यसो भइरहन्छ मेरो मुटु चपाए जस्तो लाग्छ । त्यति मात्र होइन नि, गएको आइतबार घुम्न जाउँ भनेर मण्डलीमा नजाँदा एक पटक छुटे पनि हुन्छ भन्नुभयो । के यो मलाई साँच्चै प्रेम गरेको ठिक हो ?
येशू ! येशूको प्रेमको लागि धन्यवाद । तपाईंलाई माया गर्छु ।

येशूलाई माया गर्ने म



# १२. हामीलाई दिनुभएको गृहकार्य

**(मत्ती २८:११-२०, मर्कूस १६:१४-१८,**
**लूका २४:४४-४९, यूहन्ना २०:१९-२३**

येशू फेरि जीवित हुनुभएको दिन साँझ चेलाहरू भेला भएका थिए । तिनीहरू यहूदीहरूदेखि डराएका थिए । किनकि चिहानको सुरक्षा गरिरहेका सिपाहीहरू निन्द्रामा परेको रातमा चेलाहरू आएर येशूको लाशलाई चोरेर लगेका छन् भन्ने हल्ला फिँजाएका थिए ।

"ए केटाहरू, ढोकाहरू अनिवार्य रूपमा राम्रोसँग बन्द गर ।"
"हामीले येशूको लाशलाई लुकाएर लगेका छन् र लुकाएर राखेका छन् भन्ने यहूदीहरूले बुझिरहेका छन् । हामीलाई पक्रन पनि आउँछन् कि के थाहा ।"

चेलाहरू घरको सबै ढोकामा चुकुल आग्लो लगाएर डराउँदै थरथर कामिरहेका थिए । त्यति नै बेला येशूले चेलाहरूको माझमा उभिएर भन्नुभयो,

"तिमीहरूमा शान्ति भएको होस् भन्ने चाहन्छु ।"
"येशू ! प्रभु पो हुनुहुँदो रहेछ ।"
"येशू ! हामीहरूले सबै ढोका बन्द गरेका थियौं कसरी..........साँच्चै प्रभु तपाईं सही हुनुहुँदो रहेछ ।"
"तिमीहरूमा शान्ति भएको होस् भन्ने चाहन्छु । जसरी पिताले मलाई पठाउनुभयो त्यसरी नै म पनि तिमीहरूलाई पठाउँछु ।"

त्यसरी भनिसकेपछि ठूलो सास फुक्नुभयो ।

"पवित्र आत्मा लेओ । तिमीहरूले जसको पाप क्षमा गर्छौ त्यसको पाप मेटिनेछ । तर पापलाई त्यतिकै राख्यो भने मेटिने छैन ।"



त्यस पछि एघार जना चेलाले खाना खाएको बेलामा येशूले तिनीहरूलाई खोज्दै आउनुभयो ।

“तिमीहरूमा अझै पनि विश्वास रहेनछ ! तिमीहरू कसरी उग्र र जिद्दीपनालाई कडा गरी थुपारिरहेका छौ ?”
“हजुर ? हामीहरूले ?”
“मैले मेरो हात खुट्टा र कोखालाई देखाएर छुन लगाएको थिएँ नि ?”
“हजुर, येशू । तपाईं येशूलाई हाम्रो प्रभु हुनुहुन्छ भनी हामी विश्वास गर्छौं ।”
“तिमीहरूसँगै खाना पनि खाएको होइन र ?”
“हो प्रभु, तपाईं फेरि जीवित हुनुभएको हो भनी विश्वास गर्छौं ।”
“तर पनि अझै म जीवित भएको छु भन्ने कुरालाई विश्वस गर्न सकिरहेका छैनौ । त्यसैले तिमीहरूको जिद्दीपना कडा छ भनी भनेको होइन र ?”
“येशू ! गल्ती भयो । अति असल सपना जस्तो लागिरहेको थियो त्यसो गरेको हो । क्षमा गर्नुहोस् ।”
“प्रभु ! प्रभु तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने जस्तै ३ दिनमा फेरि जीवित हुनुभएको कुरालाई विश्वास गर्दछौं ।”
“के अब मलाई विश्वास गरेकै हौ त ? म तिमीहरूलाई एकदम महत्वपूर्ण कुरा भन्दैछु ध्यान दिएर सुन है ।”

एघार जना चेलाहरू गालीलमा गएर येशूलाई भेट्न एउटा पहाडतर्फ गए । येशूलाई देखेर अभिवादन गर्दै गरेर पनि शङ्का गर्ने मानिसहरू थिए । येशूले भन्नुभयो,

“तिमीहरू गएर सबै जातीलाई चेला बनाओ । पिता पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ । र मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न सिकाओ । संसारको अन्त्यसम्म म तिमीहरूको साथमा छँदैछु ।”




येशूले चेलाहरूलाई गृहकार्य दिनुभयो,

"तिमीहरू सारा संसारमा गएर सारा मानिसहरूलाई सुसमाचार प्रचार गर ।"
"हामी जानु पर्ने ? हामीलाई कुरा गर्न त राम्रोसँग आउँदैन के गर्ने होला ?"
"यसरी मात्र प्रचार गर । मलाई विश्वास गरेर बप्तिस्मा लिने मान्छेले मुक्ति पाउनेछ। तर विश्वास नगर्ने मानिस दोषी ठहरिनेछ । मेरो नाउँमा प्रचार गर्‍यौ भने तिमीहमा शक्ति उत्पन्न हुनेछ ।"
"साँच्चै हो, येशू !"
"त्यति मात्र होइन ! मेरो नाउँमा भुतहरू धपाउनेछौ र नयाँ भाषामा बोल्नेछौ । सर्पहरू समात्नेछौ र जुनसुकै विषालु कुरा पिए तापनि हानी हुनेछैन । त्यति मात्र होइन बिरामी मानिसहरूमाथि हात राख्यौ भने निको हुनेछन् ।"
"मैले मेरो पितासँग प्रतिज्ञा गरेको कुरा तिमीहरूलाई पठाउँछु भनेको हो । त्यसैकारण तिमीहरू यरूशलेमलाई छोडेर कतै नजाओ र पिताले प्रतिज्ञा गर्नुभएको कुरालाई पर्खिरहो । माथिबाट शक्ति नआउञ्जेलसम्म यही शहरमा जम्मा भइरहनु पर्छ ।"

येशूले भन्नुभएको कुरालाई चेलाहरूले विश्वास गरे ।
यरूशलेममा फर्केर मन्दिरमा प्रार्थना गर्दै परमेश्वरको प्रशंसा गर्दै भेला भएर बसेका थिए ।
तिनीहरूले सबै मानिसहरूलाई बप्तिस्मा दिएर येशूले आज्ञा गर्नुभएको सबै कुरालाई सिकाएर पालन गर्न लगाएर आफ्नो जीवन नै अर्पण गरिदिए ।

सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर (मर्कूस १६:१५)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

मैले चेलाहरूलाई दिएको गृहकार्य तिमीहरूले पनि गर्नु पर्छ ।
मलाई विश्वास गर्न लगाएर विश्वास गरे भने बप्तिस्मा पनि लिने बनाउनु पर्छ ।
बप्तिस्मा चाहिँ तिमीहरूको विश्वास मसँग कुरा गर्ने तरिका हो ।
"म येशूलाई जीवित परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई विश्वास गर्छु" भनी भन्नुपर्छ ।
बप्तिस्मा लिए पछि मुक्ति भन्ने उत्कृष्ट उपहारले पर्खिरहेको छ ।
परमेश्वरको सन्तान, स्वर्गका प्रजा हुने कुरा एउटा चाबी हो भनी भन्न सकिने मुक्ति दिन्छु ।
यो असल खबर टाढा टाढा सम्म प्रचार गर्नुपर्ने कुरा
तिमीहरूले गर्नुपर्ने गृहकार्य हो । म तिमीलाई प्रेम गर्छु ।

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

म पनि चेलाहरूलाई गृहकार्य दिए जस्तै येशूले मलाई दिनुभएको गृहकार्य गर्नेछु ।
येशूलाई विश्वास गरेमा स्वर्गमा जान सकिन्छ भनी हजुरआमालाई बताएँ । तर हजुरआमाले "ओहो मेरी प्रिय" भनेर मलाई यसरी प्रिय बनाएर येशू तपाईंले दिनुभएको गृहकार्य गर्न सहयोग गर्नुहुन्न । हजुरआमा नरकमा जानुहुन्छ कि भनेर अति नै दु:खित छु र डर पनि लाग्छ । त्यसैले दिनदिनै प्रार्थना गर्छु ।
येशू, मेरो प्रार्थना सुनिदिनुहुन्छ नि हैन ?
येशू ! म तपाईंलाई प्रेम गर्छु ।

येशूलाई प्रेम गर्ने म



# १३. जसरी माथि जानुभएको छ त्यसरी नै फेरि आउनुहुने येशू

**(मत्ती २४:३-५१, मर्कूस १६:१९-२०,**
**लूका २४:५०-५३, प्रेरित १:६-११)**

येशू पुनरूत्थान हुनुभएपछि चालिस दिनसम्म आफूलाई चेलाहरूकहाँ प्रकट गराउँदै परमेश्वरको राज्यको कामलाई भन्नुभयो ।
चेलाहरूले येशूलाई सोध्दैरहे,

“येशू ! तपाईं प्रभुले इस्राएल राष्ट्रलाई पुनर्स्थापना गर्ने समय अहिले हो ?”
“होइन । समय र बेला परमेश्वर पिताको अधिकारको कुरा भएकोले तिमीहरूले थाहा पाउन सक्दैनौ । केवल पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूलाई शक्ति प्रकट गरिनेछ। पवित्र आत्माको शक्तिद्वारा पृथ्वीको अन्तिम छेउसम्म गएर मेरो साक्षी हुनेछौ ।”

येशूले चेलाहरूलाई लिएर बेथानीको सामुन्ने सम्म जानुभयो ।

“अब म तिमीहरूलाई आषिश दिनेछु ।”

येशूले हात उचालेर चेलाहरूलाई आषिश दिँदै हुनुहुन्थ्यो उहाँ आकाशतिर उचालिनुभयो ।
बादलले येशूलाई छोप्यो र उहाँ नदेखिने हुनुभयो ।
चेलाहरू येशू माथि जानुभएको आकाशलाई लगातार एकटक लगाएर हेरिरहेका थिए ।

“ए केटाहरू, सेता कपडा लगाएका दुई जना मानिस हामी सँगै उभिरहेका छन् ।”
“अँ । मैले पनि देखें । हामीलाई के भनिरहेका छन् राम्रोसँग सुनिहेरौं ।”

सेता लुगा लगाएका दुई मानिसले चेलाहरूको नजिकमा सँगै उभिएर भने,



“ए गालीलका मानिसहरू हो ? तिमीहरू कहिलेसम्म त्यसरी उभिएर आकाशलाई हेरिरहन्छौ ?”
“येशू स्वर्गमा जानुभएको छ देखिँदैन ।”
“तिमीहरूको बीचबाट आकाशमा उचालिनुभएको येशू स्वर्गमा लगिनुभयो देख्यौ, त्यसरी नै उहाँ फेरि त्यसै गरी आउँछु भन्नुभएको छ ।”

येशू स्वर्गमा उचालिनुभयो र परमेश्वरको दाहिने बाहुलीतर्फ बस्नुभयो ।

चेलाहरू आनन्दित हुँदै यरूशलेममा फर्केर दिनदिनै मन्दिरमा गएर परमेश्वरको प्रशंसा गर्न थाले । र येशूले अन्त्यको बारेमा भन्नुभएको वचनलाई विचार गरे ।

“संसारको अन्त्यको दिनको चिन्हमध्ये एक चाहिँ धेरै जना मेरो नाउँमा आएर ‘म ख्रीष्ट हुँ’ भन्नेछन्, तिमीहरू मोहित भएर होशमा आउनेछैनौ ।”
“संसारको हरेक कुना कुनामा भोकै मर्नेछन् र महामारी, भुकम्प, युद्ध उत्पन्न हुनेछन् । तर यो विपत्तिको सुरुवात मात्र हो ।”
“अन्तिमसम्म जित्ने मानिसले मुक्ति पाउनेछ । यो स्वर्गको सुसमाचार पृथवीमा भएका सबै मानिसहरूलाई प्रचार गरिसकेपछि संसारको अन्त्य आउनेछ ।”

येशू फेरि आउने बेलाको चिन्ह पनि बताइदिनुभएको थियो ।

“सूर्य अँध्यारो हुनेछ भने चन्द्रमाले ज्योति दिने छैन र ताराहरू आकाशबाट खस्नेछन् ।”



“त्यति बेला म आकाशमा देखिनेछु र पृथ्वीमा भएका सम्पूर्ण मानिसहरूले आवाज निकाल्दै रूने छन् र म बादलमा चढेर शक्ति र ठूलो महिमामा आइरहेको कुरालाई देख्न सक्नेछन् ।”
“ठूलो तुरहीको आवाजसँगै स्वर्गदूतहरू पठाएर चुनिएकाहरूलाई स्वर्गको वल्लो छेउदेखि त्यसको अन्तिम सम्म चारैतिरबाट जम्मा गर्नेछ ।”
“म फेरि आउने बेलामा राती दुई जना एउटै ओच्छ्यानमा सँगै सुतेका हुन्छन् एक जनालाई लगिनेछ र अर्कोचाहिँ छोडिनेछ ।
दुई स्त्री सँगै जाँतो पिँधिरहेका हुन्छन् एक जना लगिनेछे र अर्कीचाहिँ छोडिनेछे ।
दुई मानिस खेतमा काम गरिरहेका हुनेछन् एक जना लगिनेछ र अर्को चाहिँ छोडिनेछ ।”

चेलाहरू छोडिने मानिस भइन्छ कि भनेर डराए ।

“येशू, हामीहरूले चाहिँ के गर्नुपर्छ ?”
“सधैं जागा रहनुपर्छ । कुन दिन त्यो दिन हुन्छ कसैलाई पनि थाहा छैन । नसोचेको समयमा म आउन सक्ने भएकोले तयारी बसेर जागा रहने हुनुपर्छ ।”

चेलाहरूले येशूको वचनलाई नबिर्सनको लागि सबै जना भेला भएर प्रार्थना गरे । परिश्रमसाथ प्रार्थना गरेर पवित्र आत्मा पाएर फेरि आउनुहुने येशूको प्रचार गर्न लागे ।

“येशू फेरि आउनुहुन्छ । जसरी माथि जानुभएको छ त्यसरी नै आउनुहुनेछ । त्यो दिनमा नछोडिएको होस् भनेर येशूलाई विश्वास गर्नुहोस् । जागा रहेर तयारी गर्नुहोस् ।”



# मेरा प्यारा छोरा छोरीहरूलाई !

म कहिले फेरि तिमीहरूलाई भेट्न जानेछु कसैलाई पनि थाहा छैन ।
केवल परमेश्वर पिताले मात्र त्यो समयलाई जान्नुभएको छ । तर म संसारमा फेरि जाने दिन नजिकै आइरहेको छ भन्ने कुरालाई पृथ्वीमा उत्पन्न भएका विभिन्न प्रकारका कामहरूबाट थाहा पाउन सकिन्छ ।
नक्कली येशू धेरै नै हुनेछन र लडाइँ पनि ठाउँ ठाउँमा उत्पन्न भएर भुकम्प, ज्वालामुखी, खडेरी, बाढी, भोकमरी, समलिङ्गी आदि इत्यादि सारा संसारको अन्त्यलाई हेरेर दौडिरहेका छन् भन्ने लक्षण हुन् ।
त्यसैले मेरा प्यारा सन्तानहरू ! मलाई राम्रोसँग विश्वास गरेर परमेश्वर आनन्दित हुने बाटोमा मात्र हिँड्दै जाऊ । त्यसैले स्वर्गमा हामी अनिवार्य भेटौं । म तिमीलाई प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्नुहुने येशू

# प्रिय येशूलाई !

येशूको वचनलाई सुनेर कल्पना गरी हेरें ।
कुनै दिन बिहान, उठेको थिएँ आमाचाहिँ आकाशमा माथि जाँदै हुनुहुन्थ्यो भने मचाहिँ ओच्छ्यानमा त्यत्तिकै थिएँ । नभए आमा र म चाहिँ आकाशमा माथि गएर येशूलाई भेटेका थियौं भने बुबाचाहिँ ओच्छ्यानमा त्यत्तिकै हुनुहुन्थ्यो ।
ओहो ! सम्झन चाहन्नँ । अति नै दुःखित हुन्छु ।
मेरो प्यारो परिवार सबै जनाले येशूलाई विश्वास गरेर सबै एकसाथ स्वर्गमा जानु पर्छ । जुनसुकै काम भए तापनि आमा बुबाको हात बेस्सरी समातेर मण्डली जानेछु । येशू, बुबाले पैसा थोरै कमाए तापनि राम्रै हुने भएकोले शनिबार काममा नगइकन मण्डलीमा जाने बनाइदिनुहोस् । मेरो प्रार्थना सुनिदिनुहोस् ।
येशू म तपाईंलाई प्रेम गर्छु !

येशूलाई प्रेम गर्ने म



# १४. हिँड्न नसक्ने मान्छेलाई निको पार्ने पत्रुस र यूहन्ना

(प्रेरित ३:१-१०)

दिउँसो तीन बजे प्रार्थना गर्ने समय भएकोले पत्रुस र यूहन्ना मन्दिरमा जाँदैथिए । मन्दिरको ढोकाहरूमध्ये अति नै सुन्दर ढोका भन्ने ठाउँबाट गइरहेका थिए ।

"सहायतता गर्नुहोस् । ममाथि दया गर्नुहोस् ।"

भिख मागेको आवाज सुनियो,

"ए पत्रुस ! सहायतता गर भनिरहेको छ त ?"
"त्यो मान्छे जन्मेदेखि नै हिँड्न नसक्ने मान्छे हो रे । बस्न चाहिँ सक्छ तर उठ्न र हिँड्न सक्दैन । त्यसैले मानिसहरूले हरेक दिन बोकेर ल्याएर त्यो ठाउँमा ल्याएर राखिदिएको होला ।"
"यो सुन्दर ढोका भन्ने ठाउँको यो अति नै सुन्दर ढोका हो नि ।"
"मानिसहरू धेरै हिँड्ने ठाउँ हो नि । त्यसैले यो ठाउँमा ल्याएर
राखिदिएको होला कि ?"
"हामी यो ठाउँमा धेरै ओहोर दोहोर गर्ने गर्दथ्यौं त्यति बेलासम्म पनि कि देखेनौं ?"
"पत्रुस तिम्रो कुरा ठिक हो । मैले पनि देखिनँ जस्तो लाग्छ ।"

पत्रुस र यूहन्ना मन्दिरको ढोकाबाट भित्र पस्न लागेका थिए त्यो मान्छेले अझ ठूलो स्वरमा चिच्यायो,

"सहायतता गर्नुहोस् । मलाई खानेकुरा केही दिनुहोस् ।"



पत्रुस र यूहन्नाले चासो राखेर त्यो मान्छेलाई नियालेर हेरे ।

"हामीलाई हेर् ।"
"हजुर, मलाई सहायता गर्नुहोस् ।"

त्यो मान्छेले आशाले भरिएको आँखाले पत्रुस र यूहन्नालाई ध्यान दिएर हेऱ्यो । पत्रुसले भने,

"मसँग सुन वा चाँदी छैन ।"
"त्यसो भए के दिन सक्नुहुन्छ त ?"
"मसँग भएको कुरा नै म तँलाई दिन्छु ।"
"हुन्छ हजुर । धन्यवाद छिटै दिनुहोस् ।"

त्यसले मनमनै विचार गऱ्यो,


'चाँदी वा सुन होइन भने के होला ? केही असल कुरा दिन खोजे जस्तो छ त्यो के होला ? खुलदुली पो भयो त ।'

पत्रुसले ठूलो स्वरमा भने,

"नासरत येशूको नाउँमा उठ् र हिँड् !"

भनेर त्यो मानिसको दाहिने हात समातेर उठाउन खोजे ।

"ह्या के भनेको हो ! म अहिलेको समयसम्म एक पटक पनि बसेको ठाउँबाट उठेको क्षण छैन ।"



"लौ, अब मेरो हातलाई समातेर उठेर हेर !"
"ओ ओ ओ ओ ! खुट्टा र गोलीगाँठामा शक्ति उत्पन्न भएर घुँडा तन्कियो । खडा हुन सक्छु ।"
"हाल्लेलूयाह ! प्रभु, धन्यवाद ।"
"गुरुज्यूहरू यो हेर्नुहोस् । म दौडिन पनि सक्छु । परमेश्वरको प्रशंसा होस् । ए हिँडिरहेका मानिसहरू ! मलाई हेर्नुहोस् । म हिँड्न पनि सक्छु र दौडिन पनि सक्छु !"

मन्दिरमा जाँदै गरेका मानिसहरूले परमेश्वरको प्रशंसा गर्दै र दौडिएको र उफ्रेको ती मानिसहरूले देखे ।

"होइन, त्यो मान्छे हिँड्न पनि नसकेर हरेक दिन मन्दिरको ढोकाको सामुन्ने बसेर भीख माग्ने मान्छे होइन ?"
"ठिक हो ठिक हो ! जन्मैदेखि हिँड्न नसक्ने मान्छे हो नि कसरी भएको होला ?"
"ए मानिस ! बास्तवमा कसले तिमीलाई निको पारेको हो ?"
"येशूको चेला पत्रुसले निको पारिदिनुभएको हो ।"

मानिसहरू पत्रुस र यूहन्नाकहाँ दगुरेर आए । त्यसपछि पत्रुसले सबैलाई भने,

"यो हामीले गरेको होइन । केवल येशूलाई गरेको विश्वासद्वारा यसलाई निको पारेको हो । त्यसैले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी विश्वास गर्नुहोस् ।"

तब पत्रुसले भने, सुनचाँदी मसित छैन । तर जे मसित छ , त्यही म तँलाई दिन्छु । नासरतका येशूको नाउँमा हिँड् । (प्रेरित ३:६)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

मेरा चेलाहरूको साँच्चै गर्व लाग्छ। मेरो कुरामा आज्ञाकारी भएर तिनीहरूले मन्दिरमा प्रार्थनामा शक्तिको प्रयोग गरेर परमेश्वरको प्रशंसा गरेकोले पवित्र आत्मा पाए । म येशूको नाउँमा बिरामी मानिसलाई निको पारेर आश्चर्यकर्म देखाउने स्वरूप राम्रो दृष्य थियो ।
मलाई राम्रोसँग विश्वास गर्न नसकेर त्यसरी मेरो मनलाई जलाउँदा अबचाहिँ पवित्र आत्माले भरिएर सुसमाचार प्रचार गरेका रहेछन् । हा. हा.
तिमीहरू पनि मेरा चेला हौ । त्यसैले मेरो चेलाजस्तै भएर जो कुनै मानिसलाई भेट्छौ मलाई विश्वास गर्न सक्ने गरी प्रचार गऱ्यौ भने असल हुने थियो ।
म तिमीलाई प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्ने म

# प्रिय येशूलाई !

येशू ! पहिले पनि यस्तो काम भएको थियो । कुनै दिन, आमा धेरै बिरामी हुनुभएर लगातार सुतिरहनुभएको थियो । आमा बिरामी हुनुभएकोले अति दु:खित भएको थिएँ । आमा बिरामी नभएर बरू म आफै बिरामी भएँ भने अझ राम्रो हुने थियो भन्ने विचार आयो । त्यसैले आमाको हातलाई समातेर प्रार्थना गरें ।
"येशू ! हाम्रो आमालाई छिटो निको गरिदिनुहोस् । आमाको सट्टामा बरू म नै बिरामी हुन्छु ।"
त्यसो गर्दै थिएँ साँच्चै आमा पुरै निको हुनुभयो भने मचाहिँ बिरामी भएँ । येशू तपाईंले मेरो प्रार्थनालाई सुनिदिनुहुन्छ भन्ने कुरालाई बुझेको छु । धन्यवाद ।
येशू !
तर अब यसरी प्रार्थना गर्दा पनि हुन्छ कि ?
"येशू ! हाम्रो आमालाई छिटै निको गरिदिनुहोस् ।"
येशू, म तपाईंलाई प्रेम गर्छु !

येशूलाई प्रेम गर्ने म



# १५. स्तिफनस ढुङ्गाले हिर्काइएर मारिएका

**(प्रेरित ६:१-१५, ७:५१-६०)**

येशूको बाह्र जना चेलाहरू दिनदिनै जहाँ भए पनि 'येशू नै ख्रीष्ट हुनुहुन्छ' भनी सिकाएर प्रचार गरे ।
येशूलाई विश्वास गर्नेहरू बिस्तारै बिस्तारै धेरै हुँदै गए र सेवा गर्ने काम पनि धेरै हुँदै गयो । गरीब मानिसहरूलाई उद्धार गर्ने काममा रहेर गुनासो पनि धेरै भयो । त्यसैले बाह्र जना चेलाहरूले सबै चेलाहरूलाई बोलाए ।

"हामीले परमेश्वरको वचनलाई टाढा राखेर मानिसहरूलाई खाना खाने काममा समय अझ धेरै प्रयोग भएकोले यो सुहाउँदो हुँदैन ।"
"हजुर, ठिक हो । सेवा गर्ने काम अति धेरै भएकोले प्रार्थना पनि राम्रोसँग गर्न सकिएको छैन ।"
"तपाईंहरूको बीचमा पवित्र आत्मा र बुद्धिले भरिपूर्ण भएर प्रशंसा पाएका मानिसहरू सात जना मानिसहरूलाई चुन । तिनीहरूलाई डिकन भनी बोलाएर तिनीहरूलाई सेवा गर्ने समर्पितको काम जिम्मा दिनेछौं ।"
"हामी चेलाहरू प्रार्थना मात्र गर्ने काम र वचन प्रचार गर्ने काममा सम्पूर्ण शक्ति सबै खनयाउन लागिपरेका छौं ।"

सबै मानिसहले यो कुरामा आनन्दित भएर विश्वास र पवित्र आत्माले भरिएका मानिस सात जनालाई छाने । चेलाहरूले प्रार्थना गरेर तिनीहरूलाई अभिषेक गरे । तिनीहरू सात जना डिकन थिए ।
ती मध्ये स्तिफनस भन्ने मानिस थिए । स्तिफनस परमेश्वरको अनुग्रह र शक्तिले भरिएका मानिस थिए । उनीद्वारा मानिसहरूको बीचमा आश्चर्यकर्महरू धेरै प्रकट भएको थियो ।



त्यस्तो काम गरिरहँदा स्तिफनसलाई घृणा गर्ने मानिसहरू उत्पन्न भए ।

“स्तिफनस अति नै बुद्धि र पवित्र आत्माले भरिएकोले उसलाई हामी सहन सक्दैनौं ।”
“जे भए पनि उसलाई मेटाउनु पर्छ । तर कसरी मेटाउने होला ?”
“हामीले मानिसहरूलाई किनेर स्तिफनसले मोशा र परमेश्वरलाई निन्दा गरेको कुरालाई सुनेका छौं भनी भन भनेर तिनीहरूलाई भनौं ।”

मानिसहरू र धर्मगुरुहरूलाई उक्साएर स्तिफनसलाई महासभामा तान्दै ल्याए ।
त्यो ठाउँमा तिनीहरूले चार जना खडा गराएका झूटा साक्षीहरूले भने,

“त्यो मानिसले पवित्र मन्दिर र परमेश्वरको वचनलाई उल्टो बताइरहेको छ ।”
“के बताइरहेको छ ?”
“नासरत येशूले यो ठाउँलाई नाश गर्नेछ र मोशाले हामीलाई सिकाएका रीतिथितिलाई पनि बद्ली गरिदिन्छन् भन्ने कुरालाई स्पष्ट सुन्यौं ।”

त्यो कुरा सुन्ने त्यो स्थानमा हुनेहरू सबै मानिसहरूले स्तिफनसलाई देखे । उनको अनहार डरले भरिएको वा आक्रोशित अभिव्यक्त नभई स्वर्गदूतको अनुहार जस्तै थियो ।

प्रधान पूजाहारीले स्तिफनसलाई सोधे,

“के यो कुरा सत्य हो ?”
“घाँटी कठोर गरेर हृदय र कानलाई शुद्ध गर्न नसकेका मानिसहरू हो !
तिमीहरूले पनि तिमीहरूको पुर्खाहरूले गरेजस्तै पाप गरिरहेका रहेछौ । तिमीहरू येशूलाई पक्रेर सुम्पिदिएर मार्नेसम्मको काम गर्ने हत्यारा हौ ।”



मानिसहरूले स्तिफनसको कुरा सुनेर रीस शिरसम्मै माथि आएर दाह्रा किट्न लागे । स्तिफनस पवित्र आत्माले भरिएर स्वर्गतिर एकटक लाएर हेरे र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे ।

"हेर ! स्वर्ग खुलेर येशू परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको छ ।"

तर मानिसहरू चिच्याउँदै आफ्ना-आफ्ना कान थुनेर स्तिफनसमाथि एकसाथ झम्टे ।

"शहर बाहिर लैजाऔं ! यसलाई ढुङ्गाले हानौं ।"
"भ्वाक्क ! भ्वाक्क !"

ढुङ्गाहरू स्तिफनसतर्फ उडेर आउँदै थिए ।

"ऐया ऐया !........ प्रभु येशू ! मेरो आत्मा स्वीकार गर्नुहोस् ।"

घुँडा टेकेर ठूलो स्वरमा कराएपछि सास फेर्न छोडे ।

"प्रभु ! यो पाप यिनीहरूलाई नलागोस् । उ् उ्क !"

सात जना डिकन मध्येका एक जना स्तिफनस येशूको निम्ति पहिलो शहिद हुने डिकन थिए ।

तिनले घुँडा टेकेर ठूलो सोरले कराएर भने, हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस् । यति भनेर तिनले प्राण त्याग गरे । (प्रेरित ७:६०)



# मेरो प्यारो छोरा स्तिफनसलाई !


स्तिफनस । मेरो निम्ति जीवन चढाउने मेरो प्यारो छोरा स्तिफनस ।
मुकुट भन्ने अर्थको नाम स्तिफनस ! तिम्रो नाम जस्तै
तिमीले धार्मिकताको मुकुटलाई लेखेका रहेछौ । मण्डलीको धेरै कामहरू पहिला गरेर आमा बुबा नभएका अनाथहरूलाई र पति नभएका विधुवाहरूलाई आफ्नै परिवार जस्तै गरी हेरचाह गरेर सेवा गरेका मेरो छोरा ! सानो काममा सम्पूर्ण हृदयले सकेसम्म सेवा गरेकोले मण्डलीको डिकन भएर जोशका साथ सुसमाचार प्रचार गर्ने मानिस भएर मेरो छेउमा आउने भएका रहेछौ ।
अति नै असल काम गर्‍यौ, छोरा !
मेरो छोरा साँच्चै म तिमीलाई प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

येशू ! आज स्तिफनसको बारेमा वचन पढ्दा छक्क परें ।
ढुङ्गाले हिर्काइँदा मर्ने बेलामा कति दुख्यो होला ? येशूको जस्तै हृदयबाट येशूको जस्तै शब्दहरू बोलेर प्राण त्याग्दा साँच्चै छक्क परें ।
येशूलाई प्रेम गर्ने हृदय कति ठूलो रहेछ भनी त्यसरी गर्न सकिन्छ होला र ?
मैले मेरो हृदय अझ महत्वपूर्ण गराएर साथीहरूसँग पनि राम्रैसँग झगडा गरेर शिक्षकको वचनलाई पनि नसुनेर आमा बुबाको वचनलाई पनि नसुनेको समय धेरै छ ।
येशू ! त्यस समयमा “तपाई येशू हुनुहुन्थ्यो भने के गर्नुहुन्थ्यो होला ?”
यो प्रश्नलाई याद दिलाइदिने बनाउनुहोस् । येशू, म तपाईंलाई प्रेम गर्छु !

येशूलाई प्रेम गर्ने म



# १६. जब शावल पावल भए

**(प्रेरित ९:१-१९)**

शाउलले येशूको चेलाहरूलाई पक्रेर मार्नको लागि पक्राउ पुर्जी लिएका थिए । येशूलाई विश्वास गर्ने मानिसहरूलाई खोज्दै हिँड्नको लागि आँखामा विष भरिँदै आएको थियो । डिकन स्तिफनस शहिद भएको स्थानमा पनि शाउल थिए ।
त्यो दिन पनि येशूलाई विश्वास गर्नेहरूलाई पक्रनको लागि बाटोमा जाँदै थिए । दमस्कस भन्ने ठाउँमा नजिक आइपुग्ने बेला भएको थियो ।
अचानक स्वर्गबाटको ज्योति शाउलको वरिपरि चम्क्यो ।
शाउल जमिनमा घोप्टो परे । कुनै आवाज सुने ।

"शाउल ! शाउल ! तिमी किन मलाई सताउँदछौ ?"
"प्रभु ! तपाईं को हुनुहुन्छ ?"
"म ? म तिमीले सताएको येशू हुँ ।"
"हजुर ?"
"तिमी उठेर शहरमा फर्केर जाऊ । तिमीले के गर्नुपर्छ तिमीलाई बताउने मानिस त्यहाँ हुनेछ ।"

शाउलसँगै गएका मानिसहरूले त्यति बेला उत्पन्न भएको कामलाई देख्न सकेनन् तर आवाजलाई मात्र सुने,

"तिमीहरू के हेरिरहेका छौ ?"
"होइन, केही पनि देखेनौं । तर शाउलचाहिँ किन त्यस्तो भएका ?"
"थाहा छैन । अचानक अन्धो भएछन् त ।"



शाउल जमिनबाट उठे तर उनले केही पनि देख्न सकेका थिएनन् ।

"कोही छ ? मेरो आँखाले केही पनि देख्दैन । आँखा खोल्दा रात जस्तै अँध्यारो छ ।"
किन यस्तो भएको हो ? यहाँ कोही पनि छैन ?
"शाउल ! यहाँ हामी छौं । किन के भयो ?"
"मलाई समर्थन गरेर दमस्कसतर्फ लगिदेऊ ।"

शाउल दमस्कसमा तीन दिनसम्म देख्न पनि नसक्ने र खाना पनि खान सकेनन् ।
त्यो ठाउँमा हननिया भन्ने एक जना चेला थिए ।
येशूले दर्शनको बीचमा हननियालाई बोलाउनुभयो ।

"हननिया !"
"हजुर, प्रभु । म यहाँ छु ।"
"उठ र सिधा भनिने बाटोमा जाऊ । यहूदाको घरलाई खोजेर टार्ससको मानिस शाउललाई खोज ।"
"शाउललाई ?"
"अँ, उनलाई खोज्न जाऊ । उ अहिले प्रार्थना गर्दैछ ।"
"हुन्छ, प्रभु । तर शाउल भन्ने मान्छेको बारेमा विभिन्न मानिसहरूले मलाई भनेका कुराहरू छन् । तिनले यरूशलेममा येशूलाई विश्वास गर्ने मानिसहरूलाई अति नै खराब व्यवहार गरेका छन् ।"
"हननिया ! मेरो भनाइअनुसार मात्र गर्दा हुन्छ ।"
"हजुर.......तिनले यहाँ पनि प्रभुको नाउँ पुकार्ने मानिसलाई पक्रेर लैजाने अधिकार प्रधान पूजाहारीबाट पाएका छन् ।"



येशूले फेरि भन्नुभयो,

“हननिया ! जाऊ । यो मान्छेले मेरो नाउँलाई विदेशी मान्छेलाई र शासकहरूलाई इस्राएलका सन्तानहरूलाई बताउनको निम्ति चुनिएको मेरो मानिस हो ।”
“हजुर, प्रभु ! अहिले म जानेछु ।”
“शाउलले मेरो नाउँको खातिर आउने दिनमा अति नै कष्ट पाउनेछन् । मैले ती कुरालाई शाउललाई देखाउनेछु ।”

हननियाले यहूदाको घरमा शाउललाई भेटे ।

“ए शाउल !”
“हजुर, म पर्खिरहेको थिएँ । मैले के गर्नुपर्छ भन्ने कुरा बताउनको लागि आउनुभएको मान्छे हुनुहुन्छ नि ?”
“हो, ठिक हो । म तिमीलाई अभिषेक गर्दछु । तिमीले यो ठाउँमा आउने बाटोमा भेटेका येशूले मलाई तिमीकहाँ पठाउनुभएको हो ।”
“हजुर हजुर । छिटो अभिषेक गरिदिनुहोस् ।”
“येशूको नाउँलाई प्रचार गर्नको निम्ति तिमीलाई चुनेको छु भन्नुभयो ।”
तिमीलाई अभिषेक गरेर तिम्रो आँखाले देख्न सक्ने बनाइदेऊ भनी भन्नुभयो ।
र पवित्र आत्माले भरिएर जिउनेछौ भनी भन्नुभएको छ ।
“हजुर, धन्यवाद । ओ ! आँखाबाट चिप्रा जस्तो कुरा निस्केर गएको छ ।
अब राम्रोसँग देख्छु ।”

शाउल उठेर बप्तिस्मा लिएर खाना खाएर स्वस्थ भए ।
शाउलले येशूलाई भेटेको दिन पछि यहूदी नाम शाउल भन्दा पनि
पावल भन्ने नाउँद्वारा धेरै देशहरूमा गएर मण्डली निर्माण गरेर येशूलाई प्रचार गरे ।
त्यसो गर्दै गर्दा रोममा झ्यालखानामा रहेर येशूको निम्ति जीवन अर्पण गरे ।

त्यसरी सारा यहूदिया, गालील र सामरियाभरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ भयो ।
प्रभुको भएमा हिँड्दै र पवित्र आत्माको सान्त्वना पाएर मण्डलीमा वृद्धि हुँदै गयो (प्रेरित ९:३१)




# मेरा प्यारा छोरा छोरीहरूलाई !

शाउलले मेरा बाह्र जना चेलाहरू र सबै विश्वासीहरूलाई खराब व्यवहारद्वारा त्यो नाउँलाई सबैले चिनेका थिए । तर मलाई विश्वास गर्नेहरूलाई खोजेर पक्रेर सतावट गर्ने त्यो दैनिकीलाई म येशूलाई प्रचार गर्ने मानिसमा प्रयोग गर्नको निम्ति चुनें । "किन यसरी खराब मानिसलाई हामीसँगै काम गर्न लगाउनुभएको होला ?" भनी चेलाहरूले स्पष्ट गरी विरोध गरेका थिए । त्यसैले हननिया भनिने चेलाले शाउललाई अभिषेक गरिदिए। हननिया सबैले स्वीकार गर्ने मेरो चेला भएकोले उनको भनाइ हो भने शङ्का नगरी सबैले विश्वास गर्थे नि त ।
पावलले आफैलाई सन्त भनी बोलाएर त्यो जो कोहीले भन्दा पनि अझ परिश्रमसँग सुसमाचार प्रचार गरे । तिमीहरू पनि पावलजस्तै ठूलो प्रयोग हुने मानिसहरू भएको चाहन्छु। म तिमीलाई प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्न येशू

# प्रिय येशूलाई !

येशू ! शाउलले येशू तपाईंलाई भेटेर पावलमा परिवर्तन भएकोले अति नै उत्कृष्ट छ ।
येशूलाई विश्वास गर्ने मानिसहरूलाई पक्रेर जेलमा हाल्ने शाउलले येशूलाई प्रचार गरेर जीवनसम्म अर्पण गर्ने पावलमा परिवर्तन भयो नि त ।
यो संसारमा भएका खराब मानिसहरूलाई पनि परिवर्तन गरिदिनुहोस् ।
लिफ्टमा मानिसहरूलाई भेटे पनि "नमस्ते" भनी अभिवादन नगर्नू रे । खराब मानिसहरूको राजधानी छ रे । कुनै उमेर पुगेका मानिससँग कुरा गरे पनि जवाफ नदिनु रे । घरिघरि के यो सधैं यस्तै भै रहन्छ भने अझै डर लाग्छ । त्यसैले घरबाट बाहिर गएँ भने प्रार्थना गर्ने हुन्छु ।
"येशू ! अहिले मेरो छेउमा बस्नुभएको छ नि ? मेरो हात बेस्सरी समातिदिनुहोस् ।"
येशू, माया गर्छु !
येशूलाई माया गर्ने म



# १७. यूहन्नाले स्वर्ग देख्दछन्

**(प्रकाश २०:११-१५, २१:९-२७, २२:१-७)**

“येशूले अति नै प्रेम गर्नुभएको चेला यूहन्नाले दर्शन देखे ।”
अन्तिम न्याय र स्वर्गको बारेमा देखेको दर्शन थियो ।

“येशू, येशू तपाईं फेरि आउनुहुँदा अन्तिम संसारमा कस्तो काम उत्पन्न हुन्छ ?”
“यूहन्ना, सबै मानिसहरूले परमेश्वरको सिंहासनको सामुन्ने न्याय पाउनेछन् ।”
“हजुर, येशू । कसरी न्याय पाउने हुन्छ ?”
“मानिसहरू खडा भएका सिंहासनको सामुन्ने पुस्तकहरू खोलिएको र अर्को पुस्तक पनि छ ? जीवनको पुस्तक भन्ने हो । आफ्नो काममा आधारित पुस्तकहरूमा सबै लेखिएको छ ।”
“अँ-त्यसो भए सबै मानिसहरूको नाम र काम जीवनको पुस्तकमा लेखिएको छ ?”
“होइन नि । मलाई विश्वास गरेर परमेश्वरको इच्छाअनुसार जिउने मानिसको नाम र काम मात्र लेखिएको छ ।”
“जीवनको पुस्तकमा नाम नलेखिएका मानिसहरू के हुन्छ ?”
“अति नै धेरै तातो आगो ह्वार ह्वारती जलिरहेको नरकको कुण्डमा फ्याँकिएर दिन रात बिना पीडा पाउनेछन् ।”
“जीवनको पुस्तकमा लेखिएका मानिसहरू नि ?”
“तिनीहरू स्वर्गको पवित्र शहर नयाँ यरूशलेममा बस्नेछन् ।”
“हजुर, येशू ! जीवनको पुस्तकमा मेरो नाम अनिवार्य लेखिएको होस् भन्नको लागि प्रभुलाई राम्रोसँग विश्वास गर्नेछु ।”
“हो नि, मेरो प्यारो यूहन्ना !”
“येशू ! छिटै स्वर्ग हेर्न चाहन्छु ।”




येशूले परमेश्वरदेखि स्वर्गबाट ओर्लिआएको पवित्र शहर देखाउनुभयो ।

“येशू ! उ त्यहाँ स्वर्गदेखि ओर्लिआएको त्यो के हो ?”
“जीवनको पुस्तकमा नाम लेखिएकाहरू बस्ने पवित्र शहर नयाँ यरूशलेम हो ।”
“स्वर्गमा ठूलो आवाज सुनिँदैछ ।”
“के भनेको हो ?”
“त्यहाँ मृत्यु पनि छैन, रूवाई पनि छैन । दुःखाई पनि छैन र सबै कुरा नयाँ भएको छ ।”
“लौ, सुन्दर स्वर्ग पवित्र शहरलाई राम्रोसँग हेर ।”

ठूलो अल्गो महल भएको बाह्र वटा ढोका थियो ढोकामा बाह्र स्वर्गदूत थिए । परमेश्वरको महिमा भएकोले शहरको चमक रत्न जस्तै थियो ।

“येशू ! शहरको ज्योति अति नै बहुमूल्य रत्न जस्तै छ । बिल्लौर स्फटिकजस्तो सफा चहकिलो छ । वाह ! साँच्चै चम्किलो छ ।”
“शहर र महलहरू केद्वारा बनाइएका छन् बिस्तारै बिस्तारै घुमेर हेर ।”
“हुन्छ, येशू ! सम्पूर्ण शहर निखुर सुनले बनाइएको रहेछ चहकिलो शीशा जस्तै छ । महल बिल्लौर स्फटिकद्वारा जडान गरिएको छ भने त्यसको पृष्ठभूमि प्रत्येक रङको रत्नद्वारा जडिएको छ । बिल्लौरको स्फटिक, नीर, हरित, पन्ना, आनिक्स, लालमणि, पितमणि, बेरूज, पुष्पराज, लसुने, नीलमणि र कटेला गरेर बाह्र प्रकारका रत्नहरू अति नै सुन्दर छन् ।”
“वाह ! येशू ! अति नै सुन्दर भएकोले आँखा कता लगाउने थाहा नै भएन । बाह्र ढोका सबै मोतीको थियो । बाटो चाहिँ सम्पूर्ण चहकिले शीशाजस्तो निखुर सुनको रहेछ ।”



"हँ ? तर येशू ! स्वर्गमा मन्दिर छैन त ?"
"अँ, मन्दिर छुट्टै छैन । स्वर्गमा परमेश्वर र थुमा म नै मन्दिर हौं । यो ठाउँमा दिउँसो शहरको ढोका बन्द हुँदैन किनभने यहाँ रात नै छैन ।"
"ए...हजुर, येशू ।"
"यो ठाउँमा झूटा बोल्ने मानिसहरू कदापि प्रवेश गर्न सक्दैन केवल जीवनको पुस्तकमा नाम लेखिएकाहरू मात्रै प्रवेश गर्न सक्छन् ।"

येशूले यूहन्नालाई लिएर जीवनको पानी बग्ने नदी र जीवनको रूख भएको ठाउँमा लिएर जानुभयो ।

"यूहन्ना ! जीवनको पानी बग्ने नदीलाई हेर ।"
"हुन्छ, येशू ! स्फटिकजस्तै चहकिलो जीवनको पानी परमेश्वर र येशूको सिंहासनदेखि निस्किआएर बाटोको बीचमा बगिरहेको छ ।"
"अँ, र अरू के के देखिन्छ ?"
"नदीको दाहिने र देब्रे रूख छ ।"
"त्यो रूखलाई जीवनको रूख भनिन्छ ।"
"वाह ! एउटा रूखमा बाह्र किसिमका फलहरू फलिरहेका छन् । हरेक महिना फल फलेर लगातार खान सकिने रहेछ ।"
"त्यो रूखका पातहरूले हरेक देशहरूलाई निको पार्नको निम्ति हो पनि भनिएको छ ।"
"हजुर, येशू ! सबै कुरा सुन्दर र छक्कलाग्दो छन् ।"
"यूहन्ना ! तिमीले देखेका कुराहरू मानिसहरूलाई पनि बताऊ । म चाँडै आउँछु भनेर बताइदेऊ ।"
"हुन्छ, येशू ! धर्मशास्त्रको अगमवाणीको वचनलाई पालन गर्नेहरूलाई आषिश रहेको छ भनी राम्रोसँग बताउनेछु । प्रभु चाँडै आउनुहुन्छ भनी बताउनेछु ।"

हेर, म चाँडै आउँदैछु । यस पुस्तकको अगमवाणीका वचन
पालन गर्ने धन्यका हुन् । (प्रकाश २२:७)



# मेरा प्यारा छोरा छोरीहरूलाई !

यूहन्नाले देखेका स्वर्गका कुरालाई राम्रोसँग सुन्यौ ?
म अति नै सुन्दर स्वर्गमा तिमीहरूसँगै बस्न चाहन्छु ।
तिमीहरूका आमा बुबा र नातेदारहरू, साथीहरू, छिमेकीहरू सबै स्वर्गमा दिनभरी नै परमेश्वरलाई प्रशंसा गर्दै खुशियाली भएर जियौ भने असल हुनेछ ।
यूहन्नाले गरेजस्तै सबैलाई बताऊ ।
"येशू चाँडै आउनुहुन्छ । सबैले येशूलाई विश्वास गरेर जीवनको पुस्तकमा नाम लेखाउनु पर्छ । त्यस्तो गरेन भने नरकको आगोमा फालिनेछ ।"
मेरा प्यारा सन्तानहरू ! सबैले म फेरि आउँछु भन्ने कुरालाई विश्वास गरेर स्वर्गको आशालाई लिएर जिउनु पर्छ । म तिमीलाई प्रेम गर्छु !

तिमीहरूलाई प्रेम गर्ने येशू

# प्रिय येशूलाई !

येशू ! मैले छ नि स्वर्गको कुरा सुनें ।
साथीको आमा अति नै बिरामी हुनुभएको थियो सपनामा स्वर्गमा गएर आउनुभयो रे ।
स्वर्गमा भजन ठूलो स्वरमा गाएर गुञ्जायमान भएको थियो । यो अति नै सुन्दर भएकोले उहाँ त्यहीँ नै बस्न चाहनुहुन्थ्यो । तर तिनीहरूले भने अझै समय भएको छैन भनेर फर्काइदिए । अनि उहाँ फर्केर आउनुभयो र ब्युँझिनुभयो ।
यो केवल एउटा सपना मात्र थियो तर उहाँ पूर्ण रूपमा निको हुनुभएको थियो ।
उहाँले जे भन्नुभएको थियो त्यो कुरा मैले विश्वास गर्न सकिनँ तर साथी कहिल्यै पनि झूटो नबोल्ने असल साथी भएकोले मैले उनले भनेको कुरा विश्वास गरें ।
येशू ! येशू तपाईंको वचन राम्रोसँग सुनेर येशूलाई आनन्दित बनाउने काम मात्र म गर्नेछु । मेरो नाम पहिले नै जीवनको पुस्तकमा लेखिएको होस् भन्ने चाहन्छु ।
येशू ! सुन्दर स्वर्गमा भेटौंला । म तपाईंलाई माया गर्छु !
येशूलाई माया गर्ने म





येशूसँगको बाइबल कथा ३